# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २४५ | काठमाडौं | मंगलबार, १६ पुस २०८१ | Prabhab National Daily | Tuesday, December 31, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




तमु ल्होसारका अवसरमा सोमबार काठमाडौंमा निकालिएको र्‍यालीमा सांस्कृतिक पहिचान झल्कने जातीय भेषभूषा, रैथाने बाजालगायतका सामग्रीसहित सहभागी गुरूङ समुदाय । (समाचार पृष्ठ ३ मा) *तस्बिरः रत्न श्रेष्ठ/रासस*

गिरिबन्धु टि–स्टेट प्रकरण

# सत्तामा हुँदा चुपचाप बाहिरिएपछि चर्को स्वर

- एमालेको सहयोगमा सत्ताको नेतृत्वमा रहँदासम्म गिरिबन्धु टि–स्टेट प्रकरणमा मौन रहेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल सत्ताबाहिर पुगेपछि चर्को विरोध गरिरहेका छन् ।
- नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले यो मुद्दा चर्काएका थिए । आफ्नै पार्टीको समर्थनमा ओली प्रधानमन्त्री भएपछि कांग्रेसका नेताहरु यस प्रकरणमा मौन छन् ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेको सहयोगमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल सत्ताको नेतृत्वमा रहेका बेला नेपाली



कांग्रेसले गिरिबन्धु टि–स्टेट प्रकरण चर्काएको थियो । त्यतिबेला एमाले अध्यक्ष केपी शर्मा ओलीमाथि अनियमितताको आरोप लगाउँदा दाहाल मौन बसेका थिए ।

उनै दाहालले सत्ताबाट हटेपछि भने यो प्रकरण उक्काउने तर्क गरेका छन् । सोमबार झापाको गौरीगञ्ज पुगेर गिरिबन्धु टि–स्टेट प्रकरण पर्दाफास गरी छाड्ने दाबी गरेका हुन् । 'मेरो लागि त केपी ओली यति धेरै झेली मान्छे, उहाँ त जलझेल गरिराख्नुहुन्छ,' वर्तमान प्रधानमन्त्री ओलीमाथि आरोप लगाउँदै दाहालले भने, 'गिरिबन्धु टि–स्टेटमा उहाँले गरेको बदमासीलाई पर्दाफास गरेरै छाड्ने छु ।'

ओली नेतृत्वको मन्त्रिपरिषद्को २०७८ वैशाख १३ गतेको बैठकले गिरिबन्धु टि–स्टेटलाई झापाको बिर्तामोड नगरपालिका–६ मा रहेको ३४३ बिघा १९ क/१२ धुर जग्गा सट्टापट्टा गर्न स्वीकृति दिने निर्णय गरेको थियो ।

अर्बौं रूपैयाँ पर्ने साढे ३०० बिघा जग्गाको सट्टा कोशी प्रदेशको विभिन्न अनकन्टार ठाउँमा रहेका सस्तो मूल्यका जग्गा सट्टापट्टा प्रकरणमा ओलीले अनियमितता गरेको कांग्रेसको आरोप थियो । आफूले यही प्रकरणमा अनुसन्धानको सुई अघि बढाउन खोज्दा सरकारबाटै हराएको दाहालको दाबी रह्यो । 'मलाई जबरजस्ती प्रधानमन्त्रीबाट हटाइएको कारण मेरो अनुसन्धानको सुई गिरिबन्धुतिर ढल्किएकोले हो,' दाहालले भने ।

क्रमशः पृष्ठ २ मा

# राजनीतिक 'स्पेस' खोज्दै ठूला पार्टीबाट निकालिएकाहरू

- एकीकृत समाजवादीको वरिष्ठ नेता पाउने आशमा वामदेव गौतमले पार्टी अध्यक्ष माधव नेपालसँग कुराकानी गरिसकेका छन्
- एमालेबाट निष्कासनमा परेका भीम रावल पनि राजनीतिक स्पेस खोज्दै पत्रकार सम्मेलनको तयारीमा छन्
- यही मौकामा शेरबहादुर देउवाले पार्टीबाट निष्कासन गरेका कर्ण मल्लले भीम रावलसँग भेटेका छन्



एकीकृत समाजवादी प्रवेश गर्ने तयारीमा रहेका पूर्वएमाले नेता वामदेव गौतम र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच हालै भएको भेटवार्ता । *फाइल तस्बिर*



हालै एमालेबाट निष्कासनमा परेका भीम रावल कांग्रेस छाडेर बिपी कांग्रेसमा वरिष्ठ उपाध्यक्ष बनेका कर्ण मल्लबीच सोमबार भएको भेट । *तस्बिरः सामाजिक सञ्जाल*

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेबाट विभिन्न कारण निष्कासनमा परेका दुई उपाध्यक्ष यतिबेला राजनीतिक स्पेस खोज्ने अभियानमा छन् । एमाले हुँदै नेकपाको उपाध्यक्ष बनेका वामदेव गौतम पार्टी फुट्दा यता न उता भए ।

त्यसको लामो समयपछि २०७७ असोजमा उनी राष्ट्रिय सभा सदस्यमा मनोनीत भए । एमालेकै सहयोगमा राष्ट्रिय सभा सदस्य भए पनि कुनै दलमा आबद्ध छैनन् । २०७८ भदौमा उनले पार्टी छाडेका थिए । पछिल्लोपटक नेकपा एकता राष्ट्रिय अभियान घोषणा गरेका थिए । २०७९ असार १४ गते गौतमको संयोजकत्वमा आठ सदस्यीय कमिटीसमेत गठन गरिएको थियो । तर, केही दिनमै अभियानका सदस्य युवराज सफलले गौतमलाई पार्टीबाटै निष्कासन गरेका थिए ।

यतिबेला वामदेव एकीकृत समाजवादीमा प्रवेश गर्ने तयारीमा छन् । एकीकृत समाजवादीको वरिष्ठ नेता पाउने आशमा उनले पार्टी अध्यक्ष माधव नेपालसँग कुराकानी गरिसकेका छन् । सोमबार दुई नेताबीच पार्टी प्रवेशको बारेमा छलफल भएको थियो । यद्यपि आफ्नो स्थानबारे कुनै कुरा नमिलेको गौतमले बताए । 'नयाँ आकाशतिर पनि हिँड्नपर्छ भन्ने कुरा भयो,' नेपालसँगको भेटबारे गौतमले भने, 'फेरि कुरा गर्ने गरी छुटेका छौं ।'

गौतमझैं हालै एमालेबाट निष्कासनमा परेका भीम रावल पनि राजनीतिक स्पेस खोज्दै पत्रकार सम्मेलनको तयारीमा छन् । 'परिवर्तित राजनीतिक परिस्थिति र सम्भावित भविष्यबारे हुने पत्रकार सम्मेलनमा उपस्थितिका लागि सम्पूर्ण सञ्चारकर्मी एवं शुभेच्छुक र जिज्ञासुहरूलाई हार्दिक अनुरोधका साथ आमन्त्रण गर्दछु,' रावलले सोमबार विज्ञप्ति जारी गर्दै भनेका छन् । काठमाडौंको बबरमहलस्थित कार्की ब्याङ्क्वेटमा बुधबार पत्रकार सम्मेलनको तयारीमा रहेका रावलसँग कांग्रेस छाडेर बिपी कांग्रेसमा वरिष्ठ उपाध्यक्ष बनेका कर्ण मल्लले भेट गरेका छन् । रावल जसरी पनि नयाँ पार्टी खोल्ने तयारीमा रहेको बुझिएको छ ।

पुस १० गते एमालेले रावललाई पार्टीबाट निष्कासन गरेको थियो । यता डडेलधुराका कांग्रेस सभापति रहेका मल्ललाई भने २०७९ वैशाखमा कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीबाट निष्कासन गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# बोर्डअन्तर्गतका समितिलाई प्रभावकारी बनाउन मापदण्ड लागू

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डले बोर्डअन्तर्गतका समितिलाई थप प्रभावकारी बनाउन नयाँ मापदण्ड कार्यान्वयनमा ल्याएको छ । बोर्डको ८९औं बैठकबाट पारित बोर्डअन्तर्गतका समितिको कार्यविभाजन र समितिलाई थप प्रभावकारी बनाउन लागू गरिएको बोर्डले जानकारी दिएको छ ।

'वैदेशिक रोजगार बोर्डअन्तर्गतका समिति (गठन तथा सञ्चालन)सम्बन्धी मापदण्ड, २०८१'मा तीनवटा समिति र ती समितिको कार्यक्षेत्र उल्लेख गरिएको छ । जसमा नीति, कानुन एवं व्यवस्थापकीय समिति, तालिम तथा अध्ययन अनुसन्धान समिति र कल्याणकारी कार्य व्यवस्थापन समिति रहेका छन् ।

मापदण्डमा नीति, कानुन एवं व्यवस्थापकीय समितिलाई बोर्डको बैठक, बोर्डको नीतिगत तथा कानुनसम्बन्धी विषय, अन्तरनिकाय (स्वदेश तथा विदेश) समन्वय, बोर्ड सचिवालयको प्रशासन, योजना तथा अनुगमन शाखा र लेखा शाखाले गर्ने कार्यहरूको सम्पूर्ण विषय, बोर्डका निजी सम्पत्ति तथा जिन्सी व्यवस्थापनसम्बन्धी विषयहरूका सम्बन्धमा कार्य गर्ने गरी कार्यक्षेत्र तोकिएको छ । यस समितिले




**नीति, कानुन एवं व्यवस्थापकीय समिति, तालिम तथा अध्ययन अनुसन्धान समिति र कल्याणकारी कार्य व्यवस्थापन समितिको कार्यक्षेत्र तोकियो**

विभिन्न मुलुकसँग गरिने श्रम सम्झौतासम्बन्धी आवश्यक कार्य गर्ने, वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहितको संरक्षण गर्ने सम्बन्धमा अवलम्बन गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन नीति तर्जुमा गर्नेलगायत कार्य गर्ने मापदण्डमा उल्लेख छ । वैदेशिक रोजगार ऐनको कार्यान्वयन सम्बन्धमा समष्टीगत रूपमा अध्ययन गरी सरकारलाई सुझाव दिने जिम्मेवारी पनि यस समितिलाई तोकिएको छ ।

वैदेशिक रोजगारसम्बन्धी कानु पुनरावलोकन गर्नुपर्ने देखिएमा सोको पुनरावलोकन गरी आवश्यक सुधारका लागि सुझाव दिने, सेवा शुल्क तथा प्रवर्द्धन खर्च निर्धारण गर्ने सम्बन्धमा परामर्श दिने, वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्थाको अनुगमन गर्नेलगायत जिम्मेवारी पनि नीति, कानुन एवं व्यवस्थापकीय समितिलाई तोकिएको छ ।

यसैगरी तालिम तथा अध्ययन अनुसन्धान समितिलाई बोर्डको कार्यक्षेत्रभित्र पर्ने विभिन्न सीपमूलक तालिम तथा सोसँग सम्बन्धित विषय, बोर्ड सचिवालयको प्रशिक्षण तथा अध्ययन अनुसन्धान शाखाले सम्पादन गर्ने सम्पूर्ण कार्यहरूसँग सम्बन्धित विषय र बोर्डले आफूलाई तोकिएको कार्यहरू गर्ने उल्लेख छ ।

वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदानसम्बन्धी काम गर्ने, वैदेशिक रोजगारबाट फर्केका कामदारका लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने, अन्तर्राष्ट्रिय श्रमबजारको अध्ययन गर्ने गराउने र नयाँ अन्तर्राष्ट्रिय श्रमबजारको खोजी गर्ने, विदेशबाट फर्केर आएका कामदारको सीप, पुँजी र निजले सिकेको प्रविधि उपयोग गरी राष्ट्र हितमा लगाउने कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनसम्बन्धी काम गर्ने जिम्मेवारी यस समितिलाई तोकिएको छ ।

साथै, वैदेशिक रोजगार अभिमुखीकरण तालिम दिने संस्था दर्ता गर्ने योग्यता तोक्ने, तालिमको पाठ्यक्रम तर्जुमा र स्वीकृत गर्ने, तालिम दिने संस्थाहरूको अनुगमन गर्ने, वैदेशिक रोजगारमा गएका कामदारको स्थिति अध्ययनलगायत जिम्मेवारी पनि यस समितिले गर्ने छ ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# बागलुङको बुर्तिवाङमा बन्यो ५० शयाको अस्पताल

**बागलुङ (प्रस)**– ढोरपाटन नगरपालिका-१ बुर्तिवाङमा शुक्रबारदेखि ५० शयाको अस्पताल सञ्चालन भएको छ । यसबाट निसीखोला, तमानखोला र बडिगाड गाउँपालिकाका स्थानीय प्रत्यक्ष लाभान्वित हुने छन् ।

पचास शयाको अस्पतालमा स्तरोन्नतिपछि जनशक्ति व्यवस्थापनको कामलाई अगाडि बढाइएको गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले शुक्रबार अस्पतालको सेवा प्रारम्भ गर्दै बताए । वि.सं. २०२१ मा दुई कोठाबाट स्थापना भएको स्वास्थ्य संस्था ६० वर्षपछि अस्पताल बनेको हो । वि.सं. २०६४ मा जिल्ला अस्पतालमा स्तरोन्नति गर्न ३२ करोड रूपैयाँ लागतमा भौतिक पूर्वाधार निर्माण प्रारम्भ भएको थियो ।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शयाको प्रादेशिक अस्पतालका रूपमा सञ्चालन गरिने उल्लेख थियो । अस्पतालमा पूर्वाधार, उपकरण तथा जनशक्ति व्यवस्थापनका लागि १२ करोड रूपैयाँ विनियोजन गरिएको थियो ।

पृष्ठ १ बाट क्रमशः

## राजनीतिक 'स्पेस'...

क्रियाशील सदस्यताको विवादका कारण पार्टीको केन्द्रीय कार्यालय सानेपामा आमरण अनशन बस्दै देउवाको विरोध गरेपछि मल्ललाई पार्टीले निष्कासन गरिएको थियो । त्यसपछि उनी सुशीलमान शेरचन नेतृत्वको बिपी कांग्रेसको वरिष्ठ उपाध्यक्ष बनेका हुन् । सोही पार्टीबाट मल्ल डडेलधुरामा देउवासँग २०७९ को निर्वाचनमा प्रतिनिधिसभामा प्रतिस्पर्धामा उत्रिएका थिए ।

उनै मल्लले सोमबार रावलसँग भेट गरेका हुन् । सुदूरपश्चिम भूगोलबाट राजनीति गर्ने मल्ल र रावलको भेटलाई अर्थपूर्ण रूपमा हेरिएको छ । भेटमा रावलसँग पार्टी एकताका विषयमा कुराकानी भएको मल्लले बताए । 'तीन वर्ष अगाडि शेरबहादुर देउवाले निकालेको म, तीन दिनअघि केपी ओलीले निकालेको उहाँ (रावल)सँग भेट्न गएँ,' मल्लले भने, 'राष्ट्रिय नेता पनि हुनुहुन्छ भीम रावल । उहाँसँग समसामयिक विषयमा भलाकुसारी भयो ।'

रावलसँग कसरी अघि बढ्ने भन्ने विषयमा कुराकानी भएको र पार्टी एकताबारे कुनै ठोस सहमति भने भइनसकेको उनको दाबी रह्यो । 'कसरी अघि बढ्ने भनेर सकारात्मक कुराकानी भयो,' मल्लले भने ।

मधेस राजनीतिमा लामो समय सक्रिय रहेर पछिल्लोपटक मौन बसेका राजेन्द्र महतो र हृदयश त्रिपाठीले नयाँ पार्टी खोलिसकेका छन् । लोकतान्त्रिक समाजवादीमा छाडेर महतोले गत असोजमा राष्ट्रिय मुक्ति क्रान्ति पार्टी गठन गरेका हुन् । क्रान्ति नाममा निर्वाचन आयोगले आपत्ति जनाएपछि कात्तिकमा माछा चिह्न लिएर राष्ट्रिय मुक्ति पार्टी गठन गरे ।

यता त्रिपाठीले भने २०७८ मंसिरमै जनता प्रगतिशील पार्टी गठन गरेका थिए । यद्यपि उनको दलको कुनै जादू चल्न सकेन । मधेसवादी दल हुँदै एमालेको सूर्य चिह्न लिएर चुनाव लडेका त्रिपाठी पछिल्लोपटक गुमनाम छन् । महतो र त्रिपाठी मंगलबार तमु बौद्ध सेवा समिति अनामनगरको भवनमा एकैसाथ देखिने भएका छन् । मधेसी एकता समाजले आयोजना गरेको मधेसी शक्तिबीच सहकार्य विषयक विचार मन्थन कार्यक्रममा प्रभु साहदेखि अमरेशकुमार सिंहसम्म उपस्थित हुनेछन् । माओवादी छाडेका प्रभुले आम आदमी दल खोलेका छन् भने अमरेश भने स्वतन्त्र छन् । ठूला दलले निकालेपछि राजनीतिक स्पेसका लागि भए पनि नेताहरूले दल निर्माण गर्ने क्रम बढ्दो छ ।

■■■

## सत्तामा हुँदा...

दाहालमात्रै हैनन् अहिले एमालेसँग गठबन्धन गरेको नेपाली कांग्रेस पनि यस प्रकरणमा मौन छन् । नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले यो मुद्दा चर्काएका थिए । आफ्नै पार्टीको समर्थनमा ओली प्रधानमन्त्री भएपछि कांग्रेसका नेताहरू यस प्रकरणमा मौन देखिएका हुन् ।

कांग्रेस-एमाले मिलेपछि गत असार १८ गते काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)ले नयाँ गठबन्धनप्रति व्यंग्य गरेका थिए । सामाजिक सञ्जालमार्फत बालेनले नयाँ सत्ता समीकरणको तयारीमा रहेका एमाले अध्यक्ष ओली र कांग्रेस सभापति शेरबहादुर देउवालाई व्यंग्य गरेका थिए । 'यो समय गिरिबन्धु चियाको हो,' बालेनले सामाजिक सञ्जालमा दुई नेताको तस्बिर पोस्ट गर्दै लेखेका थिए, 'काले काले मिलेर खाऊँ भाले ।'

### भ्रष्टाचारलाई जरैबाट उखेलेर फाल्ने दाबी

माओवादी केन्द्रका अध्यक्ष दाहालले आगामी निर्वाचनबाट आफ्नो पार्टीलाई पहिलो पार्टी बनाइ भ्रष्टाचारलाई जरैबाट उखेलेर फाल्ने दाबीसमेत गरे । जनताको तागत पनि जोडियो भने भ्रष्टाचारमुक्त नेपाल निर्माण गर्न सम्भव रहेको दाहालको भनाइ छ । 'अब मसँग भ्रष्टाचारमुक्त मुलुक निर्माण गर्ने, उपेक्षित, उत्पीडित जनतालाई अधिकारसम्पन्न बनाउने र आर्थिक समृद्धिमार्फत जनताको जीवनस्तर बदल्नेबाहेक अरु कुनै विकल्प छैन,' दाहालले भने, 'तपाईंहरूको तागत मसँग जोडियो भने देशबाट दलाल, बिचौलिया र भ्रष्टहरूलाई लखेटेर भ्रष्टाचारमुक्त मुलुक बनाउन सम्भव छ र बनाइने छ ।'

देशैभरि माओवादी केन्द्रप्रति नयाँ आशा र भरोसा बढ्दै गएको उल्लेख गर्दै दाहालले केही समयअघिको निर्वाचनबाट कोशी प्रदेशमा माओवादी केन्द्र पहिलो बनेको र देशभर पनि उल्लेख्य प्रगति भएको बताए । यो २०८४ को निर्वाचनको संकेत भएको उल्लेख गर्दै दाहालले माओवादी एक्लै चुनाव लड्न सक्दैन भन्ने गलत भाष्य अब खारेज भएको दाबी गरे । 'हिजो कांग्रेस वा एमालेसँग मिलेर उनीहरूलाई पहिलो पार्टी बनाउनतिर समय खेर फालियो,' दाहालले भने, 'अब एक्लै लडेर हामी एक नम्बरको पार्टी बन्छौं ।'

अध्यक्ष दाहालले अहिले नेपाली जनताले प्रयोग गर्न पाएको राजनीतिक अधिकार माओवादीकै कारण सम्भव भएको उल्लेख गर्दै बाँकी राजनीतिक अधिकारलाई पूर्णता दिने, सुशासन, सामाजिक न्याय र समृद्धिलाई प्राथमिकताका साथ अघि बढाउने बताए । झापाको कोच बाहुल्य क्षेत्रमा सम्बोधन गर्दै उनले भने, 'हाम्रो संविधानले स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्रको व्यवस्था गरेको छ, म आज कोच समुदायलाई अब स्वायत्त, विशेष र संरक्षित क्षेत्रको अभ्यासमार्फत अघि बढ्न आह्वान गर्न चाहन्छु ।'

आफ्नो पार्टीले सुशासनको अभियान सुरु गरिसकेको उल्लेख गर्दै दाहालले देशभरि चलिरहेको खबरदारी सभा यसकै सुरुवात भएको बताए । 'मैले प्रतिनिधिसभामा विश्वासको मत लिँदै गर्दा भनेको थिएँ, भ्रष्ट र बिचौलियाहरूले झालझेल र शक्तिको बल प्रयोग गरेका छन्, हामी जनताको बल प्रयोग गर्ने छौं', उनले भने, 'अब हामी निरन्तर जनताको बलबाट नै भ्रष्टाचारविरोधी अभियान सफल बनाएरै छाड्ने छौं ।'

दाहालले आफूले तीनपटक प्रधानमन्त्री हुँदा गरेका कामको विवरण सुनाउँदै आफू पूरै जनताको हितमा केन्द्रित भएको तर्क गरे । 'मैले पहिलोपटक भौतिक पूर्वाधारको क्षेत्रमा मध्यपहाडी लोकमार्गको सुरुवात गरें, जो अब चाँडै सम्पन्न हुँदै छ,' दाहालले भने 'सामाजिक न्यायको क्षेत्रमा गरिब किसानको कृषि ऋण मिनाह गर्ने अवसर मलाई प्राप्त भयो ।'

■■■

## बोर्डअन्तर्गतका समितिलाई...

यस्तै कल्याणकारी कार्य व्यवस्थापन समितिलाई वैदेशिक रोजगार कल्याणकारी कार्यसम्बन्धी विषयहरू, कामदारको स्वास्थ्यसम्बन्धी विषयहरू, बोर्ड सचिवालयको कल्याण, पुनर्स्थापना, पुनःएकीकरण तथा सञ्चार शाखाले गर्ने सम्पूर्ण विषयहरूका सम्बन्धमा बोर्ड तोकिएका कार्यहरू गर्ने गरी कार्यक्षेत्र तोकिएको छ । अंगभंग भई वा कामदारलाई स्वदेश फिर्ता गराउन, क्षतिपूर्ति दिन र त्यसरी फिर्ता आएका कामदार वा निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्ने, फौजदारी कसूरको अभियोग लागेको कसूरदारको प्रतिरक्षा तथा बहस पैरवीसम्बन्धी कार्य गर्ने, वैदेशिक रोजगारमा गएको अवस्थामा कामदारको मृत्यु भई शव अलपत्र परी नेपाल ल्याउन र निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्नेलगायत विषयमा यस समितिले काम गर्ने मापदण्डमा उल्लेख गरिएको छ ।

# नख्खु करिडोरमा अत्यधिक धुलो र गन्ध, स्थानीयलाई सास्ती



**ललितपुर-** ललितपुरको नख्खु करिडोर क्षेत्रमा अत्यधिक धुलो र गन्धका कारण स्थानीयले सास्ती बेहोर्नुपरेको छ । असोज १२ गते शनिबार नख्खु खोलामा आएको बाढीका कारण करिडोर भत्किएपछि धुलोको समस्या बढेको हो । नख्खु करिडोरको धुलो र खोलाबाट निस्केको गन्धले बस्तीलाई नै असर गरेको स्थानीयको दुखेसो छ ।

बाढीका कारण नख्खु खोला किनारामा थुप्रिएको धुलो उडेर बस्तीमा पुगेको र धुलो र गन्धले असर गरेको ललिलतपुर महानगरपालिका-४ का स्थानीय मिलन यसमाली मगरले दुखेसो पोखे । उनले भने, 'दिउँसो हावा चलेको बेला धुलोसँगै खोलाको गन्ध बस्तीमा पस्छ । जाडो समयमा यति धेरै धुलो र गन्धको समस्या छ पछि गर्मी सुरु भए झन् गाह्रो हुने सम्भावना छ ।'

बाढीले क्षति पुऱ्याएको क्षेत्रमा खानेपानी, यातायात र विद्युत्को समस्या हल गरिसकेको र अन्य समस्याहरूको समाधान गर्न ललितपुर महानगरपालिकाले पहल गरिरहेको ललितपुर महानगरपालिका-१३ का वडाध्यक्ष गणेश केसीको भनाइ छ । 'नख्खु करिडोरमा टिप्परका कारण बस्तीमा असर परेको छ । टिप्पर हिँड्नका लागि उचित व्यवस्थापन महानगरले गर्न सकेको छैन । टिप्परको कारण धुलोको समस्या झन् बढेको हो ।'

नख्खु र भैंसेपाटी जोड्ने नख्खुखोला पुल र छेउछाउमा धुलोका कारण यात्रुहरूले सास्ती खेप्नुपरेको छ । हरेक दिन नख्खु खोला पुल हुँदै भैंसेपाटी पुग्ने गरेका मोटरसाइकल यात्रु वीरेन्द्र तितुङ धुलो र खोलाको गन्धले आफूलाई दिक्क बनाएको बताउँछन् । उनी भन्छन्, 'मेरो छोरी त्यही पुलको बाटो भएर स्कुल जान्छिन्, छोरीले धुलो र खोलाबाट निस्केको गन्धले आफूलाई दिक्क पारेको बताउँछिन् । धुलो र खोलाको गन्धको व्यवस्थापन जिम्मेवारी निकायले छिट्टै गर्नुपर्ने हो ।'

त्यसैगरी, बाढीले नख्खु करिडोर क्षेत्रमा क्षति पुऱ्याएपछि बाढीपीडितहरूले सरकारबाट पाउनुपर्ने राहत अझै नपाएको स्थानीय विश्वास थापा बताउँछन् । उनी भन्छन्, 'चिसो बढेको छ । बाढीपीडतहरू मुस्किलले बसेका छन् । धुलो र गन्धले बस्तीमा असर गरेको छ । जिम्मेवारी निकायको ध्यान पुग्नुपर्ने हो तर पुगेको छैन । जाडो समयमा यति धेरै धुलो र गन्ध छ, गर्मीयाम सुरू भएपछि दुर्गन्ध र धुलोले विकराल रूप लिने सम्भावना छ ।' *रासस*


**युएइमा रोजगार** कम्पनी : UNITED INTEGRATION FOR METAL EXTRUSION & COATING CO.

पूर्व स्वीकृति मिति : २०८०/०८/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१५ LT. No. 295382 चलानी नं. ६०२१०६९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE LAYER | 52 | 0 | 1200 | ४४,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PLUMBER | 19 | 0 | 1200 | ४४,७७५ | | | | | | | |
| 3 | PIPE FITTER | 6 | 0 | 1200 | ४४,७७५ | | | | | | | |
| 4 | ELECTRICIAN | 19 | 4 | 1200 | ४४,७७५ | | | | | | | |
| 5 | CONCRETE MASON | 30 | 0 | 1200 | ४४,७७५ | | | | | | | |
| 6 | CARPENTER | 22 | 0 | 1200 | ४४,७७५ | | | | | | | |
| 7 | BRICK LAYER | 5 | 0 | 1200 | ४४,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080



**युएइमा रोजगार** कम्पनी : SELECTIVE MANPOWER SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/१४ LT. No. 316019 चलानी नं. ६०२३०५०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 200 | 0 | 1100 | ४१,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Head Office, Kathmandu, मा मिति: २०८१ पौष २४ र २७ गते (8 & 11 Jan. 2025) मा हुनेछ ।
Damak, Hotel Three Damak & Itahari, Sunsari Multiple Training Center मा मिति: २०८१ पौष २५ गते (9th Jan. 2025) मा हुनेछ ।
Birtamode, CP Hotel मा मिति: २०८१ पौष २६ गते (10th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KINGFISHER OVERSEAS PVT.LTD
श्रम ईजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Email: kingfisheroverseasnepal@gmail.com



**लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०९/१६

यस सा. व. उ. स. बाट संकलित साल गोलिया काठ १७२६.५४ क्यू फिट, साज गोलिया काठ ५८.५५ क्यु फिट, कर्मा गोलिया काठ १००.०७ क्यू फिट र दाउरा ६.२५ चट्टा लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

कोच्चो सा. वन उपभोक्ता समूह
व्यास १४, तनहुँ



**साउदीमा रोजगार** कम्पनी : Abdul Karim Nazzal Musabah Al Harbi Car Maintenance Workshop

पूर्व स्वीकृति मिति : २०८१/०५/०९ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/१५ LT. No. 309472 चलानी नं. ६०२३०३३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanic / Vehicle Mechanic Assistant | 2 | 0 | 1200 | ४३,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



**साउदीमा रोजगार** कम्पनी : SAHM ARABIAN CONTRACTING ONE PERSON CO.

पूर्व स्वीकृति मिति : २०८१/०३/१५ पून: विज्ञापन स्वीकृति मिति : २०८१/०९/०१ LT. No. 306990 चलानी नं. ६०२२१६८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६५,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447
/9705000448/9705000449, E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



**साउदीमा रोजगार** कम्पनी : ANSAB GENERAL CONTRACTING COMPANY शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ LT. No. 315997 चलानी नं. ६०२३०३८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 3 | 0 | 1000 | ३६,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३६,४९३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | HEAVY TRUCK DRIVER | 14 | 0 | 1800 | ६५,६८८ | | | | | | | |
| 3 | Truck Driver (with License) | 5 | 0 | 1800 | ६५,६८८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**कुवेतमा रोजगार** कम्पनी : Gdtee Noura Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१५ LT. No. 309636 चलानी नं. ६०२२४३२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaner | 1 | 0 | 100 | ४४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Worker/kitchen Helper | 1 | 5 | 100 | ४४,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dubai Overseas International Pvt. Ltd.
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com
श्रम ईजाजत नं. ७५१/०६४/०६५



# Diprung Chuichumma Rural Municipality

## Office of the Rural Municipal Executive

## Yangsolatar, Khotang

## Koshi Province, Nepal

# INVITATION FOR BIDS

**First Date of publication: 2081/09/16 (31 December, 2024)**

1. Diprung Chuichumma Rural Municipality invites electronic bids from eligible domestic bidders for the contracts named below:-

| S. N. | Contract Identification Number | Work Description/ Name of Project | Minimum Average Annual Construction Turnover of best 3yrs within last 10 yrs. (NRs) | Experience of similar size and nature (completed at least 1 contract within last 10 yrs) (NRs) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid document Fee (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1. | DCRM/ WORKS/ NCB-01/ 2081/082 | Regmitar-Panchami Sadak (Gaupalikako Karyalaya Prabesdwar dekhi Bholabhanjyang - Robholung - Chhorambhu Khanda) | NPR 26.6 million (excluding VAT) | NPR 8 million (excluding VAT) | 5,00,000 | 120 days | 5,000 |

2. Bidding Document is available online and can be downloaded from e-GP: *http://www.bolpatra.gov.np/egp.* Interested bidder should register in the e-GP system and deposit the required amounts in the following specified bank account: -
   **Name of Bank** : Sanima Bank, Diprung Branch
   **A/C No.:** 071010040000014 (Diprung Chui. Ga. Pa. Ga.1.1 Antarik Rajawa Khata) for bid document fee.
   **A/C No**: 071010020000020 (Diprung Chui. Ga. Pa.Ga.3.1. (Ga.Pa.Ga.3.1. Sthaniya Tatha Dharauti Khata) for bid security fee.
3. Electronic bids must be submitted through PPMO website *www.bolpatra.gov.np/egp* before ***12:00 PM on 2080/10/18.*** The bids will be opened in the presence of Bidders' representatives (if attended) who choose to attend at ***2081/10/18 at 1:00 pm.***
4. If the last date of purchasing /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# सर्प वर्षलाई स्वागत गर्दै मनाइयो तमु ल्होसार

■ प्रभाव संवाददाता

**काठमाडौं–** गुरुङ समुदायले सुगा वर्षलाई बिदाइ गरी सर्प वर्षलाई स्वागत गर्दै सोमबार 'तमु ल्होसार' मनाएका छन् । परापूर्वकालमा गुरुङ समुदायले वर्षलाई १२ जनावरको नामबाट गणना गरी नयाँ वर्षको नामकरण गरेको संखुवासभा तमु समाजका महासचिव प्रभुराम गुरुङले जानकारी दिउ । सुगा वर्गलाई कसैले भने गिद्ध वर्ग अर्थात् वर्ष पनि भन्ने गरेका छन् । गाई, बाघ, बिरालो, सुगा, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर, मृग र मुसा गरी १२ जनावरका नामबाट वर्षको नामकरण गरिएको छ ।



नयाँ वर्ष सुरु भएको खुसियालीमा गुरुङ समुदायले देशभर विभिन्न कार्यक्रम आयोजना गरेका छन् । राजधानीको टुँडिखेलमा तीन दिनअघिदेखि ल्होसार महोत्सव आयोजना गरिएको छ । महोत्सव मंगलबारसम्म सञ्चालन हुने तमु हचुला छोंज धीं राष्ट्रिय परिषद्ले जनाएको छ ।

'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ फेरिनु भएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको हो । यसलाई कतिपयले उच्चारणका रूपमा तमु ल्होछार पनि भन्ने गर्छन् । यस दिन गुरुङ समुदायका मानिस परम्परागत भेषभुषामा सजिएर तमु ल्होसार कार्यक्रममा सहभागी हुन्छन् । 'तमु ल्होसार' पर्व सूर्यको किरणसँग सम्बन्धित छ । गुरुङ बाहुल्य रहेको लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वतलगायत जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको विश्वास गरिन्छ । पुस १५ गतेको रात सबैभन्दा लामो हुने र यसपछिका रात घट्दै जाने भएकाले पनि यस पर्वको महत्त्व रहेको यस समुदायका अगुवाको भनाइ छ ।

**"संस्कार संस्कृति भावी सन्ततीलाई हस्तान्तरण गर्नुपर्छ"**

उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले मुलुकमा लोकतन्त्र प्राप्तिपछि विभिन्न जातजाति र समुदायले आ-आफ्ना संस्कार र संस्कृतिको स्वतन्त्रतापूर्वक उपभोग गर्ने अवसर प्राप्त भएको बताएका छन् । तमु ल्होसार मूल आयोजक समितिद्वारा सोमबार टुँडिखेलमा आयोजित तमु ल्होसार महोत्सवको उद्घाटन गर्दै उनले बहुजाति र बहुभाषी नेपाली समाजमा प्रजातान्त्रिक व्यवस्था प्राप्तिसँगै स्वतन्त्रतापूर्वक आफ्नो पहिचानलाई सुरक्षित र समृद्ध तुल्याउने मौका मिलेको बताए ।

उपप्रधानमन्त्री सिंहले भने, 'नेपालको पहिचान र अमूल्य निधिका रूपमा रहेको विभिन्न जातजातिका भाषा, वेशभूषा, रितिरिवाज, रहनसहन तथा संस्कार र संस्कृतिलाई वर्तमानमा सक्रियताका साथ जोगाउने र भविष्यका सन्ततीलाई हस्तान्तण गर्न आवश्यक छ ।'

ठूलो त्याग र बलिदानबाट प्राप्त अधिकारलाई सुरक्षित र सम्वर्द्धन गर्न समाजका सबै पक्षले अरूलाई अप्ठ्यारो नपर्ने ढंगबाट जिम्मेवारीपूर्वक काम गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले महोत्सवले तमू समुदायको कला, संस्कृति, पहिचान कायम राख्न अत्यन्तै जागरूक छ भन्ने स्पष्ट पारेको धारणा राखे ।

कार्यक्रममा पूर्वमन्त्री देवप्रसाद गुरूङ, सीता गुरूङ, पार्वत गुरूङलगायतले कला, संस्कृति, वेशभूषा, नाचगान, चाडपर्व मनाउने हिसाबले नेपालमा गुरूङ समुदाय समृद्ध रहेकाले यसको संरक्षण र सम्वर्द्धनमा सरकारको सहयोग आवश्यक रहेको बताए । त्यस अवसरमा गुरूङ समुदायबाट समाजका विभिन्न क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउने व्यक्तिलाई सम्मान गरियो । नेपालमा पछिल्लो जनगणनाअनुसार गुरूङ समुदायको जनसंख्या पाँच लाख ४५ हजार ७९१ रहेको छ ।

आदिवासी जनजाति समुदायका रूपमा रहेको गुरूङ समुदाय जल, जंगल र जडिबुटीसँग संरक्षण र सामीप्यमा रहने विश्वासिलो र साहसिक जातिका रूपमा विश्वभर पहिचान स्थापित छ । गुरूङ समुदायको गण्डकी प्रदेशमा बाक्लो बसोबास रहेको छ । गुरूङ समुदायको रोदीलाई समुदाय चलाउने र ज्ञानको स्तर बढाउने महत्त्वपूर्ण संस्कार र संस्कृतिका रूपमा लिने गरेको पाइन्छ । उक्त समुदायले यस वर्षलाई गरूडको बिदाइ र सर्पको स्वागत गर्दै मनाएका छन् ।

संविधानमा व्यवस्था भएअनुसार गुरूङ समुदायले आफ्नो भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता प्रदान गरी व्यावहारिक रूपमा कार्यान्वयन गर्न माग गर्दै आएको छ । तमु हचुल छोज धिं गुरूङ राष्ट्रिय परिषद्का अध्यक्ष कर्णबहादुर गुरूङले संसारभर नै साहसिक जातिका रूपमा पहिचान स्थापित गरेको गुरूङ समुदायको चाडपर्व, भाषा तथा संस्कृतिको संरक्षमा सरकारलाई विशेष ध्यान पुर्‍याउन आग्रह गरे । महोत्सवका अवसरमा गुरूङ जातिको पहिचान, वेशभूषा र संस्कृति झल्कने झाँकी प्रस्तुतिका साथै समुदायको पहिचान र परिचय दिने १०० भन्दा बढी खानपिनसहितको प्रदर्शन कक्षको व्यवस्था गरिएको छ ।

# क्यान्सरविरूद्धको थप पाँच लाख खोप ल्याइयो

**काठमाडौं (प्रस)–** किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरूद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप ल्याइएको छ । स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा. पवनजंग रायमाझीका अनुसार आइतबार चार लाख ९६ हजार २८० मात्रा खोप ल्याइएको छ ।

सरकारले यसभन्दा अघि दुईपटक एचभिपी खोप ल्याइसकेको छ । उक्त खोप टेकुस्थित भण्डारण कक्षमा राखिएको छ । यसअघि ल्याइएका खोपलाई प्रदेश कार्यालयमा पठाइएको र यो खोप पनि प्रदेश कार्यालयमा पठाइने निर्देशक रायमाझीले जानकारी दिए ।

'एचपिभी' खोप 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा चीनबाट नेपाल ल्याइएको हो । सरकारले किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन आगामी माघ २३ गतेबाट खोप अभियान सञ्चालन गर्दै छ । पन्ध्र दिनसम्म चल्ने अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ९०० किशोरी खोप लगाइने बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले जानकारी दिए । उनका अनुसार १७ लाख ७० हजार मात्रा गाभीले नेपाललाई उपलब्ध गराउने छ ।

नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस संक्रमण रहेकोले त्यसको विरूद्ध खोप लगाउनुपर्ने हुन्छ ।

**नाम परिवर्तन भएको सूचना**

यस **रेस्नलाइटिक इन्जिनेयरिङ्ग सोलुसन प्रा. लि.** (प्रा. लि. नं. १८१११८/०७४/०७५० कम्पनीको मिति २०८१|७|२६ मा बसेको विषेश साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक उक्त नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु पर्ने अन्य ऋण, धन दायित्व एवं कर परिवर्तित नाम **रेस्नलाइटिक इन्जिनियरिङ्ग प्रा. लि.** कम्पनीले सकार्ने व्यहोर्ने गरि श्री कम्पनी रजिट्रारको कर्यालय त्रिपुरेश्वरबाट मिति २०८१|०८|११ को निर्णयअनुसार कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक २४४ पुस १५ गते २०८१ मा प्रकाशित VARSHA MANPOWER PVT. LTD. (STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.) को Lot No. **2316073** को विज्ञापनमा अन्तर्वार्ता, स्थान र मिति, बाजेको सेकुवा पोखरा **(BAJEKO SEKUWA Pokhara)** मा मिति २०८१ पुस २४ गते **(8th Jan. 2025)** मा अन्तर्वार्ता हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०९/१६**

यस कम्पनीको मिति २०८१/०८/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **सुस्वस्थ्य ग्लोबल नेपाल फाउण्डेशन**/Suswsthya Global Nepal Foundation को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **सुस्वस्थ्य ग्लोबल नेपाल फाउण्डेशन**/Suswastha Global Nepal Foundation (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सुस्वस्थ्य ग्लोबल नेपाल फाउण्डेशन**/Suswastha Global Nepal Foundation (**प्रा.लि.नं.**३३६२९४) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**बालबालिका दाबी गर्न आउनेबारे ७ दिने सुचना !**

पहिलो पटक सुचना प्रकाशित मिति २०७४/०९/१३
दोस्रो पटक सुचना प्रकाशित मिति २०७४/११/११

साथी संस्था काठमाण्डौ जिल्ला प्रशासन कार्यलयमा दर्ता नं २८९ /२०४९/२०५० दर्ता भई हाल ललितपुर जिल्लामा स्तान्तरण गरी तत्कालिन ललितपूर वर्डा नं ४ ठेगाना कायम रहेको जानकारी गराउदै साथी संस्थाको दिर्घकालिन बालगृहमा संरक्षित निम्न बालबालिकाहरुको मातृत्व, पितृत्व,अभिभावक र ठेगाना समेत हाल सम्म पहिचान गर्न नसकिएको हुदाँ निज बालबालिकाहरुको बारेमा कोही कसैलाई कुनै जानकारी भए वा दाबी भए नजिकको प्रहरी कार्यलय जिल्ला प्रशासन कार्यलय , स्थानिय तह , सम्बन्धित कार्यलय वा यस संस्थामा बालबालिका दाबी गर्न ७ दिनभित्र आउनुहुन यो सुचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र बालबालिकाहरुलाई दाबी गर्न नआएमा निज बालबालिकाहरुलाई कानुन बमोजिम अनाथ प्रमाणिकरण गरि सोहि अनुसार जन्म दर्ता र नागरिकता प्राप्तिको प्रकियामा लगिने समेत यसै सुचनाद्धारा जानकारी गराईएको छ ।

बालबालिकाको नाम थर


बिनोद राई
भर्ना मिति २०६८/८/९
जन्म मिति २०६३/७/८


निशा गुरुङ्ग
भर्ना मिति २०७२/९/१४
जन्म मिति २०६०/९/१४


लक्ष्मण भण्डारी
भर्ना मिति २०७२/१/९
जन्म मिति २०६३/१/९


राम भण्डारी
भर्ना मिति २०७२/१/९
जन्म मिति २०६३/१/९


भरत भण्डारी
भर्ना मिति २०७२/१/९
जन्म मिति २०६५/१/९

बालबालिका खोजतलास समन्वय केन्द्र -१०४
भृकुटीमण्डप, काठमाण्डौ
साथी संस्था नख्खु ललितपूर
ललितपुर महानगरपालिका वर्डा न. ४ फोन :०१ -५१९११०३, ५१९११०४
Facebook:https://www./SaathiSanstha/, Email:
Web:www.saathi.org.np

**साउदीमा रोजगार** कम्पनी : Marasa Company

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 315973 | चलानी नं. ६०२३०५६६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Helper | 2 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम इजाजत नं. ७८८/०६५/०६६
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

**Government of Madhesh Province**
**Ministry of Industry, Commerce and Tourism**
**Tourism Development Office**
**Birgunj, Parsa**
**Madhesh Pradesh, Nepal**

## Notice Of Invitation For Electronic Bid

First Date of Publication: 31 December 2024

1. Toursim Development Office, Birgunj, Parsa invites **electronic bids** from eligible Nepalese bidders for the following works:

| S. No. | Contract No. | Name of Contract | Cost Of Bid Document | Estimated Amount (without VAT and PS) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TDOPARSA/ W/08/081/082 | Devashram Park Nirman, Adhuro Shiv Mandir Nirman and Adhuro Krishna Pranami Mandir , Jitpur Simra U.m.na.pa -4, Bara | 3,000.00 | 42,39,305.12 | 90 days | 115,000.00 / 120 days |
| 2 | TDOPARSA/ W/09/081/082 | Peace Park nirman and Krishna Mandir Nirman ,Jitpur Simra U.m.na.pa -16 Piluwa, Bara | 3,000.00 | 42,40,834.08 | 90 days | 115,000.00 / 120 days |
| 3 | TDOPARSA/ W/10/081/082 | Shidhababa Mandir tatha Gaushala Nirman Karya, Jitpur Simra U.m.na.pa -22 , Bara | 3,000.00 | 42,38,549.39 | 90 days | 115,000.00 / 120 days |
| 4 | TDOPARSA/ W/11/081/082 | Belpati mai Mandir Saundrikaran and Shiv Mandir Nirman,Kalaiya U.M.Na.Pa-6,ward-13 Balirampur, Bara | 3,000.00 | 42,38,873.65 | 90 days | 115,000.00 / 120 days |
| 5 | TDOPARSA/ W/12/081/082 | Mahaneswar Dharamsala Bhautik Purbadhar Nirman, Samudayek Bhawan Nirman, Jane Masjid Istarunatee,Kalaiya U.M.Na.Pa-6 Laherwatola,ward-18 Mangadhawa, ward-23 Bairathpura, Bara | 3,000.00 | 42,38,643.26 | 90 days | 115,000.00 / 120 days |
| 6 | TDOPARSA/ W/13/081/082 | Shanti Jharana ko Saundrikaran and Adhuro Jananyudh Park Nirman,Nijgadh-13 ,ward no-10 | 3,000.00 | 42,38,091.96 | 90 days | 115,000.00 / 120 days |
| 7 | TDOPARSA/ W/14/081/082 | sajha isthan najik rraheko aadhuro madarsa nirman , sajha isthan najik raheko aadhuro majid nirman, khaluchudaya ma aadhuro aabukar majid nirman , aadhuro idargah compound wall nirman , aauraha aadhuo samudayik dharmasala nirman,Jagarnathpur-4,3,1,6 | 3,000.00 | 42,32,621.77 | 90 days | 115,000.00 / 120 days |
| 8 | TDOPARSA/ W/15/081/082 | Sauraha ma raheko Ramjanki mandir ma parkhal nirman, Bharambaba istarunitti , majid istraunitti, kabristan istraunitti,Birgunj ma. na.pa. 18 ward-20 | 3,000.00 | 42,30,287.04 | 90 days | 115,000.00 / 120 days |
| **Deadline for Bid Submission:** | | | 2025/01/31 till 12:00 Noon | | | |
| **Date, Time and Place of Bid Opening:** | | | 2025/01/31 1:00 PM at Tourism Development Office, Birgunj | | | |
| **Account Number for Bid Document Purchase:** | | | Name of Bank: Rastriya Banijya Bank, Birgunj<br>Account Name: Tourism Development Office, Birgunj<br>Account no.: 1000100200010000<br>Office Code: 3070022012<br>Revenue Code: 14229 | | | |
| **Account Number for Bid Security Deposit:** | | | Account Name: Pradesh Lekha Ekai Karyalaya, Birgunj<br>Bank Name: Rastriya Banijya Bank, Birgunj<br>Account Number: 1250100202030000 | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Tourism Development Office, Birgunj, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सहकारीमा कालो धन

पछिल्लो समय सहकारी ठगीको चर्चा एकातिर छ भने अर्कोतिर सहकारी संकटको बहस पनि चलिरहेको छ । सहकारी ठगी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री भइसकेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेमाथि मुद्दा दायर भइसकेको छ । त्यस्तै सहकारी बैंकका अध्यक्ष केबी उप्रेती पनि प्रहरी हिसासतमा छन् । सहकारीको ठगी प्रकरणलाई हेर्ने हो भने सहकारीसँग सम्बन्धित फितलो कानुन र सहकारीलाई भजाउनेहरूको गिरोह नै सक्रिय भएको स्पष्ट देखिन्छ ।

सानो–सानो रकम सहकारीमा बचत गर्नेहरूको रकम सञ्चालकहरूले हिनामिना गरी फरार भइरहँदा त्यही सहकारीमा कालो धन जम्मा गर्नेहरू भने तैँ चुप मै चुपमा छन् । बैंकमा रकम जम्मा गर्दा स्रोत उल्लेख गर्नुपर्ने प्रावधान भएका कारण पनि अनियमित ढंगले कमाएका, भ्रष्टाचार गरेका तथा स्रोत नखुलेका रकम सहकारीमा धेरैले राखेको देखिन्छ । यतिखेर सरकारले सहकारीमा रकम डुब्नेहरू विस्तृत विवरण माग्ने हो भने ठूलो रकम जम्मा गर्नेहरू सरकारी मापदण्डभित्र आउन चाहँदैनन् ।

सहकारीको रकममा टेलिभिजन सञ्चालन गर्ने गितेन्द्रबाबु (जिबी) राई फरार सूचीमा छन् भने तेजविक्रम थापा, केदारनाथ शर्माहरू अहिले जेलमा छन् । उनीहरूले आफ्नो सहकारीमा साधारण जनताको रकममात्र होइन, भ्रष्टाचार गरी अकुत कमाउनेदेखि स्रोत नखुलेका कालो धनसम्म जम्मा गरेको भन्ने कुरा विगतमा सार्वजनिक नभएका भने होइनन् । नेपाल सरकारका पूर्वसचिव श्याम मैनालीले त आफ्नो तीन करोडभन्दा बढी रकम सहकारीमा डुबेको अभिव्यक्ति दिएका थिए । उनीजस्तै धेरै उच्च कर्मचारी आफ्नो डुबेको रकम फिर्ता माग गर्न सकिरहेका छैनन । किनकि उनीहरूले सहकारीमा जम्मा गरेको सो रकमको स्रोत खुलाउन सक्दैनन् ? यसले पनि के पुष्टि गर्दछ भने सहकारीमा कालो धन वा स्रोत करोडौं रकम जम्मा गर्नेहरू धेरै छन् ।

अहिले सरकारले आमनागरिकहरूले सहकारीमा राखेको वचन सुरक्षित गर्नका लागि स्थानीय तहहरूलाई नामावलीसहित रकमसहित फिर्ताका लागि निवेदन माग्ने हो भने सहकारीको संकट न्यूनीकरण हुन सक्छ । बजारमा सहकारीको संकटको हाउगुजी नदेखाई साना बचतकर्ताको रकम फिर्ता गर्ने उद्देश्य सरकारले लिने हो भने छ महिनाभित्र सहकारीमा बचत गरेका साना बचतकर्ताहरूको रकम फिर्ता गर्न सकिन्छ ।

# मुलुकको वर्तमान अवस्था र कांग्रेसको जिम्मेवारी



■ धर्मनन्द श्रेष्ठ

> देशमा भइरहेको अस्थिर राजनीतिका कारणले जनताको विकास, समृद्धि, सुशासनको चाहना पूरा गर्न नसक्दा हालको व्यवस्था, राजनीतिक दल, नेताप्रति जनआकर्षण घट्दै गइरहेको छ । आमजनतामा राजनीतिप्रति निराशा पैदा भएको हुनाले सरकार र प्रमुख राजनीतिक दलहरु पद र पावरका लागिमात्र हाबी भइरहेको अवस्थाले आमनेपाली जनता आजित छन् । यस्तो अवस्थामा सबै पार्टीहरु मिलेर आर्थिक र विकास निर्माण गर्नुपर्दछ । राजनीतिक द्वन्द्व न्यूनीकरण गर्न पनि प्रमुख दलहरु नै संगठित हुनुपर्ने अवस्था छ । मुलुकको यो अवस्थामा राजनीतिक निकास दिने प्रमुख शक्ति भएकोले यसमा नेपाली कांग्रेसको अग्रभूमिका रहने छ ।

मुलुकको राजनीतिक अवस्था अस्थिर र तरल रहेकाले जनताले अपेक्षा गरेअनुसार विकास, सुशासन, भ्रष्टाचारमुक्त समाज बन्न सकेको छैन । देशमा राजनीतिक समझदारी कायम गरी विकास निर्माण, आर्थिक सुधार गर्ने, विकसित मुलुकको निर्माण गर्ने लक्ष्य र योजना सरकार र राजनीतिक दलको हुनुपर्नेमा राजनीतिक दलहरू सरकार सञ्चालन र सरकारमा सहभागी हुनेमा मात्र लागिपरेको देखिएकाले जनताको अपेक्षाअनुसार सुशासन, विकास र समृद्धिको चाहना पूरा हुन सकेको छैन ।

नेपाली कांग्रेस देशकै ऐतिहासिक पार्टी भएको हुनाले देश र जनताका लागि यो पार्टी थप जिम्मेवार हुन जरुरी छ । कांग्रेसले राणा शासन, पञ्चायती व्यवस्थाको विरुद्धमा आन्दोलन गरी लोकतन्त्र स्थापना गर्नका लागि प्रमुख दलको हैसियतले नेतृत्व गरेको थियो । त्यस्तै २०४७ सालको संविधान निर्माण गर्न र २०६२/६३ सालको जनआन्दोलनको नेतृत्व गरी नेपाली जनताको चाहनाअनुसारको व्यवस्था ल्याउन कांग्रेसले नै प्रमुख भूमिका खेलेको थियो ।

लोकतान्त्रिक संविधान ल्याउन पनि कांग्रेसकै भूमिका रहेको थियो । यतिबेला भएको नेपाली कांग्रेस र नेकपा एमालेको सत्ता समीकरण पनि स्वागतयोग्य छ । अब देशका लागि आवश्यक संविधान र कानुन संशोधनका लागि यो गठबन्धन सक्रिया रहनु आवश्यक छ । आगामी चुनावको पूर्वसन्ध्यामा कांग्रेसले सरकारको नेतृत्व लिने भएको छ । यसबाट हामी थप उत्साहित भएका छौं ।

देशको अप्ठचारो तथा कठिन अवस्थाको नेतृत्व गरी संघ, प्रदेश र स्थानीय तहको निर्वाचन गर्ने प्रमुख भूमिका पनि नेपाली कांग्रेसकै नेतृत्वमा सम्भव भएको हो । देशमा व्याप्त रहेको राजनीतिक द्वन्द्व र माओवादीको जनविद्रोहबाट देशमा ठूलो रूपमा अशान्ति सिर्जना भएको बेला पनि देशमा शान्ति स्थापना गर्न पनि कांग्रेसकै प्रमुख नेतृत्व रहेको थियो । र, आजसम्म आइपुग्दा देश र जनताले कांग्रेसकै नेतृत्व खोजिरहेको हुनाले देशको विकास र सुशासन, जनताको आर्थिक उन्नति गर्नका लागि र राजनीतिक स्थायित्वका लागि पनि नेपाली कांग्रेसले नेतृत्व गर्नुपर्ने अवस्था र आवश्यकता छ । देशमा विकास र समृद्धिको जनचाहना पूरा हुन नसकेको प्रमुख कारणमध्ये भ्रष्टाचार भएको हुनाले २०४६ सालपछिको राजनीतिक नेतृत्व गरी सार्वजनिक पदधारण गरेका कर्मचारीदेखि राजनीतिज्ञकोसमेत सम्पत्ति छानबिन गरी स्रोत नखुलेको सम्पत्ति जफत गरी विकास निर्माणमा लगाउनुपर्छ ।

देशमा भएका भ्रष्टाचारकै कारणले गर्दा ठूला आयोजनाहरू, राष्ट्रियस्तरका योजना र कुनै पनि विकास निर्माण समयमा सम्पन्न हुन नसक्नुको प्रमुख कारण हो । देशमा भ्रष्टाचार मौलाएकै कारणले आर्थिक, सामाजिक विकास, सुशासन कायम गर्न सकिएको छैन ।

यसलाई सम्बोधन गर्न नेपाली कांग्रेसले नेतृत्वदायी भूमिका निर्माण गरी आमनेपाली जनतालाई महसुस हुनेगरी कानुन तथा नीति निर्माण गरी आमयुवा तथा जनतामा भरोसा हुनेगरी कार्य गर्नु पर्दछ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागजस्ता निकायलाई सफल र सक्षम बनाउनुपर्दछ ।

भ्रष्टाचरार हरेक निकायमा सेटिङको प्रक्रियाबाट हुने भएको हुनाले भ्रष्टाचार हुने क्रियाकलाप पहिला बन्द गर्नुपर्दछ । लोकसेवामा प्रवेश गरी मालपोतको अधिकृत हुने, भन्सारको अधिकृत हुने र राजास्वमासमेत संलग्न भई भ्रष्टाचारमा संलग्न रहेका व्यक्ति पनि पछि अख्तियार र सम्पत्ति शुद्धीकरणमा आउन मिल्ने नियम कानुनको कारण भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन । त्यसैले नेपाली कांग्रेसले नै यस्ता बाध्यकारी कानुन संशोधन गर्न प्रमुख भूमिका निर्वाह गर्न जरुरी छ ।

यसैगरी देशभरि फैलिरहेको महँगीलाई नियन्त्रण गर्न औद्योगिक कानुन, ऐन, नियम व्यवस्थित गरिनुपर्छ । र, आम युवाहरूलाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नुपर्छ । उद्योग व्यवसाय र उत्पादनमा युवाहरूलाई जोड्नुपर्छ । देशमा उत्पादन कम हुँदै गएकोले महँगी बढ्दै गएको हो । खेतीपातीमा काम गर्ने युवाहरू विदेसिएपछि उत्पादनमा कमी आउनु स्वाभाविक हो । विदेशबाट सरसामान ल्याउन परेपछि महँगी बढ्दै जानु स्वाभाविक नै हो ।

यसै सन्दर्भमा भन्नुपर्दा नेपाली कांग्रेस संसदीय व्यवस्था र लोकतन्त्रको पहिलो पहरेदार हो । अहिले पनि देशको प्रमुख पार्टी पनि कांग्रेस नै रहेको छ । र, सोही बमोजिम देशको आर्थिक अवस्था सुधार गर्न र भ्रष्टाचार नियन्त्रण गर्न, जनताले चाहेको सुशासन, आर्थिक उन्नतिमा कांग्रेसले नै विश्वासयोग्य वातावरण सिर्जना गर्नुपर्छ । आगामी निर्वाचनमार्फत राजनीतिक स्थायित्व कायम गर्न नेपाली कांग्रेसलाई बहुमतका साथ जनताले जिताउने नै छन् भन्ने हामीले विश्वास लिएका छौं ।

त्यसका लागि कांग्रेसले पूर्वतयारी गर्नु आवश्यक छ । पार्टीका भ्रातृ संगठनहरूलाई नियमितरूपमा सक्रिय गरी आमनागरिक र समाजमा कांग्रेसप्रतिको विश्वास र भरोसा कायम गर्ने वातावरण निर्माण गर्नुपर्छ । यो पृष्ठभूमिमा र कांग्रेसले गरेको जनपक्षीय कार्यले आगामी निर्वाचनमा कांग्रेसको सानदाररूपमा बहुमत आउने अवस्था छ । यसपटकको उपनिर्वाचनमा कुनै दलसँग गठबन्धन नगरी कीर्तिपुर नगरपालिकामा दुई वडासहित मेयरसमेत निर्वाचित गराउन सफल भएकोले जनतामा कांग्रेसप्रतिको विश्वास र भरोसा कायम रहेको प्रमाणित हुन्छ । अन्य ठाउँमा पनि हाम्रो दलको राम्रै जित भयो, कांग्रेस पहिलो पार्टी नै रह्यो । निर्वाचन परिणामले हामी उत्साहित छौं । आगामी दिनमा जनताले महसुस हुनेगरी कांग्रेसको नेतृत्वमा विकास, समृद्धि, सुशासन, रोजगारी सिर्जना हुनेगरी कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिले काम गर्नुपर्ने अवस्था छ । राम्रो काम गरेरै कांग्रेसको मत बढ्दै जाने छ ।

नेपाली कांग्रेसमा प्रजातान्त्रिक विधिअनुसार वडा समितिदेखि केन्द्रीय स्तरसम्म नेतृत्व नै परम्परा रही आएको छ । केन्द्रदेखि तल्लो तहका निकायसम्म कार्यकारिणी पद दुईपल्टको मात्र हुने व्यवस्थाले युवाहरूसमेत नेतृत्वदायी भूमिकामा पुग्ने अवस्था सिर्जना भएको छ । देशमा आर्थिक, सामाजिक विकासका लागि सरकारको नेतृत्व युवाहरूबाटसमेत हुने अवस्थाको सिर्जना गर्न राजनीतिक पदहरू राष्ट्रपति एक व्यक्ति एकपटक मात्र हुनुपर्ने, प्रधानमन्त्री पनि एक व्यक्ति एक पटकमात्र हुने र पूरै कार्यकाल प्रधानमन्त्री पद सञ्चालन गरेको व्यक्तिले मात्र पुनः एक पटक प्रधानमन्त्री बन्न पाउने कानुन निर्माण हुनुपर्छ । यस्तै स्थानीय तहको प्रमुख/अध्यक्ष, प्रदेशका मुख्यमन्त्रीदेखि प्रतिनिधिसभामासमेत एक व्यक्ति दुई पटकभन्दा बढी एउटै पदमा बस्न नपाउने व्यवस्था हुनुपर्छ ।

यतिबेला नेपालमा देखिएको सहकारी समस्या समाधान गर्नु सरकारको प्रमुख दायित्वभित्र रहनुपर्छ । लाखौं जनताको बचतलाई सुरक्षा प्रदान गर्नुपर्छ । जुन सहकारीमा समस्या देखिएका छन्, ती सहकारीहरूको बचतकर्ता, ऋणी, सञ्चालक समिति, विभिन्न उपसमितिहरूसमेत सहकारीकै सदस्य रहने हुनाले सहकारीलाई समस्याबाट मुक्त गर्न नसकिएको देखिन्छ ।

त्यसैले उपयुक्त नियम कानुन परिपालन गराई सहकारीका विकृति विसंगति हटाई देशको आर्थिक अवस्था सुधार गर्नका लागि तीन खम्बे अर्थनीति अवलम्बन गरी किसान, श्रमिक र उद्योगीको हितका लागि सहकारीको पुँजी परिचालन गरी देशको आर्थिक व्यवस्था सुधार्नसमेत सहकारीमार्फत लगानी गर्न सकिन्छ । कुनै पनि देशमा चर्को ब्याज लिने दिने क्रियाकलापले आर्थिक उन्नति र उत्पादन बढ्न सक्दैन ।

युवाहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्नका लागि कृषि, उत्पादन, उद्योग, पर्यटन, जलस्रोतको विकास गर्नु जरुरी छ । त्यसका लागि बैंक तथा वित्तीय संस्थाले ऋण दिने प्रविधि उत्पादनमुखी बनाउन सकिएको छैन । ऋण शोषणमुखी हुनु हुँदैन । ऋण क्षमता वृद्धि र सहयोगी सुविधाको हुनुपर्छ । तर, नेपालमा ब्याज महँगो, छोटो समयका लागिमात्र ऋण पाउने र सावा-ब्याज तिर्नै नसक्ने खालको भएकाले नेपालमै लगानी गरी उद्योग व्यवसाय गर्ने अवस्था नदेखिएकोले लाखौं ऋण लिएरसमेत युवाहरू विदेश जान बाध्य भएको अवस्था छ । यो अवस्थालाई सरकारी नीति तथा कानुनहरूमा परिमार्जन गरी रोजगारमुखी र लगानीमैत्री बनाउन आवश्यक छ । बचतमा ब्याज अधिकतम तीन प्रतिशतभन्दा बढी दिन नहुने, कृषि तथा उद्योगमा पाँच प्रतिशत ब्याजमा लगानी अनि २५ वर्षसम्म ऋण तिर्ने अवधिको व्यवस्था गर्नुपर्छ । अनि स्थानीय तहसँग समन्वय गर्दै आधुनिक कृषि प्रणालीको विकास गरी उत्पादन गर्ने वातावरण सिर्जना गरेमा स्वेदशमै लाखौं युवाहरूलाई रोजगारीको सिर्जना हुने तथा आर्थिक विकास हुने अवस्था आउने र उत्पादनसमेत वृद्धि भई देश आत्मनिर्भर बन्ने छ ।

देशमा भइरहेको अस्थिर राजनीतिका कारणले जनताको विकास, समृद्धि, सुशासनको चाहना पूरा गर्न नसक्दा हालको व्यवस्था, राजनीतिक दल, नेताप्रति जनआकर्षण घट्दै गइरहेको छ । आमजनतामा राजनीतिप्रति निराशा पैदा भएको हुनाले सरकार र प्रमुख राजनीतिक दलहरू पद र पावरका लागिमात्र हाबी भइरहेको अवस्थाले आमनेपाली जनता आजित छन् । यस्तो अवस्थामा सबै पार्टीहरू मिलेर आर्थिक र विकास निर्माण गर्नुपर्दछ । राजनीतिक द्वन्द्व न्यूनीकरण गर्न पनि प्रमुख दलहरू नै संगठित हुनुपर्ने अवस्था छ । मुलुकको यो अवस्थामा राजनीतिक निकास दिने प्रमुख शक्ति भएकोले यसमा नेपाली कांग्रेसको अग्रभूमिका रहने छ ।

***(लेखक नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं. १० 'ख' का सभापति हुन्)***

## मननयोग्य

### चाणक्य नीति

दुवै युवती ज्यादै लाज मानेर व्यासको सामुन्नेमा पुगे जेठी अम्बिकाले जेठाजु व्यासको सामना गर्न नसकेर लाजले आँखा चिम्लिइन् । कान्छी आ(म्बालिका भने डराएर पहेंली भइन् । व्यासजीले दुवैलाई गर्भ(वती बनाएपछि

**विदुरको जीवन चरित्र**

पहिलो छोरा अन्धो र दोस्रो छोरा पाण्डु वर्णको पैदा हुनेछ भनी आमालाई बत(ाइदिए । यसरी पैदा भएका दुई पुत्र नै धृतराष्ट र पाण्डु थिए अन्धो र पाण्डु वर्ण भएका छोरा हुने हुँदा सत्यवतीलाई सन्तोष भएन । उनले अम्बिक(ालाई सर्वगुण सम्पन्न भएको अर्को छोरा जन्माइदिन आग्रह गरिन् र व्यासलाई पनि पुनः राजी गराइन् । अम्बिकाले सासूलाई सामुन्नेमा हुन्छ त भनिन् तर पुनः निर्वस्त्र भई व्यासको अगाडि जाने साहस गरिनन् । उनले आफ्नी परम सुन्दरी वनिता भन्ने दासीलाई पनि व्यासजीको सामुन्ने पठाइदि(दइन् । वेदव्यास जस्ता ऋषि(ाबाट सन्तान जन्माउन दासी वनिता पनि सहर्ष खुसी भइन् । वनिता पनि संकोच त्यागेर नि(र्वस्त्र व्यासजीका सामुन्नेमा पुगिन् उनलाई गर्भ रह्यो । व्यासजीले पनि त्यसै दिनदेखि वनिताको दासीभाव छुटाइदिदै भने "तिम्रो गर्भ (कोख) बाट एउटा अत्यन्तै धार्मिक पुत्र पैदा हुनेछ ।" व्यासजीको-कुरा किन फरक पर्दथ्यो र वनिता दासीकै कोखबाट माण्डव्य ऋषिको श्राप भुगतान गर्न भनी धर्मराज स्वयम्ले 'विदुर' को रूपमा जन्म लिएका थिए ।

धर्मावतार विदुर मानिस भएर पनि आफ्नो देवता हुँदाको ज्ञानलाई बिर्सेका थिएनन् तथ(ापि उनले कहिल्यै आफूलाई देवताको रूपमा प्रकट पनि गरेनन् सधै नै मनुष्यधर्मकै पालना गर्दथे । बाल्यावस्थादेखि नै उनी गम्भीर प्रकृतिका थिए । व्यास, भीष्म पितामह आदि मान्यजनको सेवातर्फ आफू प्रायः व्यस्त रहन्थे । यति धेरै चुप रहन्थे कि उनी केही पनि जान्दैनन् जस्तो देखिन्थे । उनी सदैव भागवद् भजनमा नै तल्लीन रहन्थे । अवकाशको समयमा ध्यान पनि गर्दथे । यिनमा सम्पत्तिको मोह र लोभ थिएन । क्रमश :




# पैसासँगै गयो जिन्दगी !

दुबईको सार्वजनिक पार्कमा दुई दर्जनभन्दा बढी युवाहरू मलिन अनुहारमा बसिरहेका छन् । अधिकांश युवाहरू मोबाइलमा कसैसँग हार गुहार मागिरहेका छन् । सबैको उस्तै-उस्तै गुनासो छ । पैसा पनि गयो, जिन्दगी पनि जाला जस्तो छ । 'यताबाट गरेको फोन गरेको 'रेस्पोन्स' नै गरिरहेको छैन । जे कामका लागि ल्याएको थियो त्यो काम पनि होइन रहेछ । १२ घण्टाभन्दा बढी काम गर्दा पनि पैसा नदिएपछि अहिले हामी टन्नै साथीहरू कम्पनी छाडेर पार्कमा आएर बसिरहेका छौं । तीनदिनदेखि भोकै छौं, लौ न त्यहाँ कसैलाई भनेर हाम्रो उद्धार गरिदिनुपर्‍यो ।' आफ्नो गुनासो फोनबाट नेपालमा आफन्तलाई गर्दै थिए राजेन्द्र ।

राजेन्द्रसँगै रहेको प्रकाश पनि उनका भिनाजु पर्नेलाई कुवेततिर भिडियो कल गर्दै थिए । श्याम पनि आफूलाई पठाउने दलालले धोका दिएको गुनासो खै कोसँग गर्दै थिए । रोजगारीका लागि विभिन्न किसिमले दुबई पुगेर अलपत्र परेका नेपाली युवाहरूको रोदन त्यो बिरानो देशमा कसले पो सुन्दिने हो र ?

देशमा रोजगारी नपाएर परदेश भासिन बाध्य भएका युवाहरूलाई आफ्नै देशबाट ठगिनुपरेको छ । रोजगारी पाइन्छ, राम्रो कमाई हुन्छ भन्दै घरपरिवार छाडेर ऋण काढेर परदेशी बनेकाहरूको पीडा कसले सुन्ने हो र ?

श्यामको भिडियो कलमा कुरा गर्नेले भन्दै थिए । 'खै तिमीहरू अब जसरी भए पनि फर्क, बरु म तिमीहरूलाई कतै न कतै पठाइदिउँला' । लाग्थ्यो विदेशमा उसकै कम्पनी छ अनि तुरुन्तै जागिर लगाइदिन्छ ।

विदेशमा अलपत्र परिरहँदा लाखौं रूपैयाँ त डुबिसकेको छ । त्यही ऋणको भारी बिसाउनका लागि मान्छे बेच्ने दलालहरूले फिँजाएको भ्रमको जालोमा नजानिँदो किसिमले मध्यम वर्गीय युवा पुस्ता भासिएका छन् ।

राजेन्द्र उसको भिनाजु पर्नेको कुरा सुनेर अब त त्यो जालोबाट मुक्त पाइन्छ कि भान गर्दै अलिअलि फुरुंग थियो । सायद उसले अर्को देशको आश्वासन पाएको थियो ।

निचारेको कागतीको जस्तै अनुहारमा कुरा गरिरहेको राजेन्द्रको अनुहारमा एकाएक खुसी छाएको देखेर श्याम पनि दंग भयो । उसले राजेन्द्रलाई सोध्यो, 'के भो हामीले नयाँ काम पाउने भयौ हो ?'

श्यामको उत्साह देखेर राजेन्द्रले भन्यो, 'खै यहाँ त होइन अन्तै भनेका छन् मलाई हाम्रो भिनाजुले ।' श्यामले अझै उत्साहित हुँदै सोध्यो, 'साँच्चै तँ जहाँ जान्छस्, मलाई भनी भन है जसरी पनि यार, मेरो बिजोग हुन्छ तँलाई थाहा छ नि मैले कसरी ऋण गरेको छु भनेर' अलि भावुक हुन्छ ।

'अँ तँ मात्र हो नि मेरोचाहिँ हालत बुझेको छैनस् र ? हामी सबैको उही हालत हो उन्नाइस र बीस मात्र हो । तर, हेर हामी केही कमाउन आएका हौं । जसरी भए पनि जहाँ गएर पनि कमाउनुपर्छ । भिनाजुले केही गर्लान् भन्ने आशा छ ।' अलि आत्मवल बलियो बनाएर राजेन्द्र ढाडस् दिन्छ ।

'तेरो आफ्नै भिनाजु हो नि ?,' श्यामले सोध्छ ।

'खै आफ्नै भन्ने कि अर्काको, ठूलो बाको ज्वाइँ भाइ हुन् ।'

'एऽ, उनी विदेशमै बसेका रैछन्, दुःख बुझ्लान् नि ?' कुरा गरिराख है । 'कसरी नेपाल फर्कनु त्यत्रो ऋण छ ?' श्याम निराश हुँदै भन्छ ।

त्यही त । 'साला, नेपाली भएर नेपालीलाई ढाँटेर विदेशमा ल्याएर अलपत्र पार्छन् । हाम्रो आँसुले त तिनीहरूलाई पोल्छ एक दिन ।' राजेन्द्र अलि आक्रोश व्यक्त गर्छ ।

'उनीहरूलाई हाम्रो आँसु लाग्ने कहिले हो, हाम्रो आँसु अहिले झरिरहेको छ । न घरको न घाटको जस्तो भइएको छ परदेशमा' श्याम निकै गलेको स्वरमा भन्छ ।

त्यत्ति नै बेला प्रकाशले श्यामलाई बोलाउँछ, 'ए श्याम राजेन्द्र, सुन त ?'

दुवैले एकैस्वरमा भन्छन्, 'के भो'

'अब हामी यहाँ बसिरहनु ठीक छैन जस्तो छ । हामी भाग्यौं भनेर कम्पनीले पुलिसलाई भनिदिएको छ रे कतै सुरक्षित ठाउँ जाउँ यार,' प्रकाशले उत्तर फर्काउँछ ।

निकै कम बोल्ने दिवाकर प्वाक्क बोल्छ, 'भागेर कहाँ जान्छौ साथीहरू, हामी त नराम्रोसँग खाल्डोमा परिसक्यौं' हामीले केही गल्ती गरेकै छैन भने हामी किन डराउने ? बरु नेपाली दूतावास जाउँ । त्यही गएर म्यानपावरले गरेको बदमासी, कम्पनीले दिएको दुःख उजुरी गरौं । कम्तीमा सग्लो ज्यान लिएर आफ्नै देश फर्कन त पाइन्छ ?'

दिवाकारको कुरा सुनेर श्यामलाई रिस उठ्छ कि क्याहो झर्किएर भन्छ, 'जाऽजा तैं मात्र जा दूतावास । नेपाली दूतावासले त्यत्ति सजिलै तँलाई घर पठाइदेला नि । गेटभित्र पनि सजिलै छिर्न पाउन्नस् । कत्ति न सजिलो सहयोग गर्छ भन्ठानेको होला ?'

'नरिसा न नरिसा, यत्रो दिन भइसक्यो हामी यसरी अलपत्र परेका छौं । घरपरिवारलाई केही भन्न सकेका छैनौं बरु दुतावासमा गएर कुरा गर्‍यौं भने केही त राहत होला ।' कस्तो कुरा नबुझेको हो ?

'म त कुनै हालतमा दूतावास जाँदिन, अब यो अवस्थामा रित्तो नेपाल फर्कनु ? के हो राजेन्द्र तँ के गर्ने अरुलाई सोध है श्याम सहमत जनाउँछन् ।

'तिमीहरू जाउनजाउ अर्को कुरा हो । म त दूतावास जान्छु, सबै कुरा भन्छु । हाम्रो पैसा खाएर, हामीलाई यसरी अलपत्र पार्ने त्यो एजेण्ट र म्यानपावरलाई म चाहि त्यसै छाडदिनँ,' दिवाकर निकै साहसीरूपमा भन्छ ।

'खै के हो के हो, ए राजेन्द्र भने है यो दिवाकरलाई । यसले गर्दा हामीलाई समेत अप्ठेरो पार्लाजस्तो छ,' श्याम अलि शंकास्पद रूपले भन्छ ।

श्यामको कुरा सुनेर दिवाकर मुस्कुराउँदै भन्छ, 'साथी, यत्रो दिन भो हामीलाई कठै भन्ने मान्छे छैन । हामीले गलत काम गरेर भागेको हो र ? पैसा तिरर काम गर्न आएका हौं, ऋण तिरेर कमाउन आएका हौं । यसरी चुप बस्यो भने त पैसासँग सँगै ज्यान पनि जान सक्छ बुझिस् । त्यही भएर तिमीहरू के गर्छौ कुन्नि म चाहिँ दूतावास जान्छु, बरु नेपाल नै फर्कन परे पनि परोस् । यसै डुबियो, त्यसै डुबियो । डुबाउनेलाई पटक्कै छाड्ने छैन । बरु आफ्नै माटोमा गएर भोकै मर्छु ।' ल साथीहरू म चाहिँ लागे दूतावासतिर न्याय खोज्नका लागि दिवाकर जान्छ ।

अरु साथीहरू परदेशी पार्कको डिलबाट दिवाकर गएतिर टुलुटुलु हेरिहन्छन ! को कता अलमलिने हुन् थाहा छैन ।

# गाउँमै 'रातो कार्ड' पाउँदा अपांगता भएका व्यक्तिहरू हर्षित



**झापा–** मेचीनगर नगरपालिका-१५ ज्यामिरगढीकी मीना पाहानले २६ वर्षको उमेरमा अपांगतासम्बन्धी रातो परिचयपत्र पाइन् । जन्मेको छ महिनामा दुवै खुट्टा लुलो भएकी उनको कम्मरमुनिको भाग चल्दैन ।

अपांगता भएका व्यक्तिको परिचयपत्र सरकारले वितरण गर्छ भन्ने जानकारी नहुँदा यतिका वर्षसम्म परिचयपत्र पाउनबाट वञ्चित हुनुपरेको उनले बताइन् । ज्यामिरगढी स्वास्थ्य चौकीमा नगरपालिकाले सोमबार आयोजना गरेको स्वास्थ्य शिविरमा उनले उक्त प्रमाणपत्र पाएकी हुन् । 'ह्विलचियरविना एक पाइला पनि हिँड्डुल गर्न सक्दिनँ,' पाहानले भनिन्, 'अबदेखि मासिक भत्ता पनि दिने भन्नुभएको छ ।' नगरपालिकाले शिविरमै उनी र उनको परिवारका सदस्यहरूको निःशुल्क स्वास्थ्य बिमासमेत गरिदिएको मेचीनगरकी महिला, बालबालिका तथा समाज कल्याण शाखाप्रमुख जयन्ती खरेलले जानकारी दिइन् ।

सरकारले अपांगता भएका व्यक्तिहरूलाई रातो, नीलोलगायत चार प्रकारका परिचयपत्र दिने गरेको छ । रातो र नीलो कार्ड भएकाले सामाजिक सुरक्षा भत्ता पाउने गरेका छन् भने चारै प्रकारका अपांगता भएका व्यक्तिहरूले स्वास्थ्य, शिक्षा र रोजगारीमा विशेष सुविधा पाउने व्यवस्था रहेको खरेलले बताइन् ।

स्वास्थ्य शिविर भेटिएका मेचीनगर-१५ का रोहित गुरुङलाई पनि चिकित्सक टोलीले स्वास्थ्य परीक्षण गरेपछि रातो कार्ड दिए । 'ह्विलचियरमा हिँड्छु, भत्ता पाउने रातो कार्ड पाउँदा खुसी लागेको छ,' उनले हर्षित हुँदै भने, 'पहिले अर्को कार्ड थियो । अहिले डाक्टरहरूले जाँचेपछि रातो कार्ड दिनुभयो ।'

वडाहरूमा सञ्चालित स्वास्थ्य शिविरमै अपांगतासम्बन्धी पहिचान र परिचय पाएर पाहान र गुरुङजस्तै मेचीनगरका कैयौं व्यक्ति खुसी भएका छन् । मेचीनगर नगरपालिकाले १५ दिनमा १५ वटै वडामा फरक-फरक स्वास्थ्य शिविर सम्पन्न गरेर दुई हजारभन्दा बढी अपांगता भएका व्यक्तिहरूको पहिचान गरेको छ ।

अपांगता रोकथाम तथा पुनःस्थापना कार्यक्रमअन्तर्गत कोशी प्रदेश सरकार, मेचीनगर नगरपालिका र करुणा फाउन्डेसनको त्रिपक्षीय सहकार्यबाट मेचीनगरलगायत झापाका १५ वटै पालिकामा हाल अपांगता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण, पहिचान र परिचयपत्र वितरण शिविर सञ्चालन भइरहेको छ ।

तीनवटै पक्षको बराबर साझेदारीमा कार्यक्रम आयोजनाका लागि एक करोड ४० लाख रूपैयाँ रकम छुट्याइएको करुणा फाउन्डेसन मेचीनगरका संयोजक पदम बराइलीले बताए । उनले अपांगता भएका व्यक्तिका लागि मुलुकमै पहिलोपल्ट कोशी प्रदेशका १०७ वटा पालिकामा कार्यक्रम सञ्चालन भइरहेको जनाउँदै तीन वर्षमा मेचीनगरमा मात्र चार करोड ५० लाख रूपैयाँ खर्च हुने जानकारी दिए ।

शिविरमा विशेषज्ञ चिकित्सक, स्वास्थ्यकर्मी, नगर कर्मचारी, नगर प्रहरीलगायत ६० जनालाई परिचालन गरिएको नगरपालिकाका योजना तथा अनुगमन शाखा प्रमुख अनन्तप्रकाश वस्तीले बताए । 'तीन वर्षसम्म त्रिपक्षीय लगानी साझेदारीमा कार्यक्रम सञ्चालन हुने छ,' उनले भने, 'त्यसपछि यो कार्यक्रम स्थानीय तह र प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयमा हस्तान्तरण हुने सहमति छ । हस्तान्तरण भएपछि नगरपालिकाले आफ्नै लगानीमा कार्यक्रमलाई निरन्तरता दिनुपर्ने छ ।'

चिकित्सकसहितको टोलीले हरेक वडामा पुगेर स्वास्थ्य परीक्षण गर्ने, परिचयपत्र बाँड्ने, सहायक सामग्री वितरण गर्ने र स्वास्थ्य बिमासमेत गरिदिने यो अभियानलाई सिंहदरबार गाउँमा आएको अर्थमा नगरवासीले बुझिरहेको नगरप्रमुख गोपाल बुढाथोकी बताउँछन् ।

अपांगता भएका व्यक्तिहरूको स्वास्थ्योपचार, हेरचाह र भरणपोषणका लागि परिवारलाई राज्यले सघाउनुपर्छ भन्ने सोचका साथ अभियान अघि बढाइएको नगरका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले बताए । 'अपांगता भएका व्यक्तिको पीडा कि स्वयं व्यक्तिलाई थाहा हुन्छ, कि परिवारलाई,' अधिकारीले भने, 'त्यही भएर पीडामा मल्हमपट्टी लगाउन नगरपालिकाले केही राम्रो सुरुआत गरेको छ ।'

मेचीनगरमा पहिलोपल्ट वडामै पुगेर चिकित्सकहरूले अपांगता पहिचान गरेको र नगरपालिकाले स्थलगतरूपमा शिविरमै परिचयपत्र वितरण गरेको हुँदा कार्यक्रम प्रभावकारी भएको सामाजिक अभियन्ता देवेन्द्र खरेल बताउँछन् । उनले गाउँहरूमा अपांगताको अवस्था पीडादायी रहेको आफूले शिविर अवलोकनका क्रममा देखेको जनाउँदै अटिजम भएका बालबालिकाको संख्या बढिरहेको बताए ।

'नगरपालिकाले घरदैलोमा पुगेर अपांगता भएका व्यक्तिहरूको खोज गर्नु राम्रो कार्य हो,' उनले भने, 'अभिभावकहरूलाई गर्भावस्थाको स्वास्थ्य हेरचाहसम्बन्धी उचित चेतना नहुँदा र दुर्घटनाका कारण धेरैजसो व्यक्तिहरू अपांगताको सिकार भइरहेका हुन्छन् । अब नगरपालिकाले रोकथामका निम्ति पनि अभियान चलाउन जरुरी छ ।' *रासस*

## कुलुङ जातिले मनाए चाक्चाकुर पर्व

**सुनसरी (प्रस)-** कुलुङ जातिले आफ्नो महान् पर्वको रूपमा लिने चाक्चाकुर सोमबार यहाँका कुलुङहरूले भव्यताका साथ मनाएका छन् ।

धरान उपमहानगरपालिका-५ देवीगाउँमा कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले चाक्चाकुर विशेष कार्यक्रमको उद्घाटन गरेका थिए । उनले आफ्नो संस्कार संस्कृति जोगाइ राख्नु सबैको दायित्व रहेको बताए । प्रत्येक वर्षको पुस १५ मा कुलुङ समुदायले चाक्चाकुरलाई भव्यरूपमा मनाउने गरेका छन् । चाक्चाकुरका बेला गाउँभरिका मानिस भेला भएर ढोल र झ्याम्टाको साथमा नाचगान, मनोरञ्जनात्मक कार्यक्रमका मनाइने नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान संघ सुनसरीका अध्यक्ष मानुमध्वज कुलुङले बताए ।

चाक्चाकुर पर्व कुलुङ जातिको बाहुल्यता रहेको भोजपुर, संखुवासभा, सोलुखुम्बु, इलाम, धनकुटा तेह्रथुमलगायतका जिल्लामा मनाउने गरिन्छ । नयाँ वर्षमा सह होस् र अनिकाल नलागोस् भनेर पितृ र प्रकृतिलाई पूजाआजा गरी यस पर्व मनाउने गरिएको अध्यक्ष कुलुङले बताए । यस पर्व कुलुङ समुदायको बाहुल्यता भएको गाउँहरूमा एक महिनासम्म मनाउने गरिन्छ ।

## 'भविष्य खोज्न अर्काको देशमा जाने सोच त्याग्नुपर्छ'

**तनहुँ (प्रस)-** गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री डा. टकराज गुरूङले भविष्य खोज्न अर्काको देशमा जाने सोच त्याग्नुपर्ने बताएका छन् । तमु ल्होसारका अवसरमा तमु हचुल छोंज धि गुरूङ राष्ट्रिय परिषद् तनहुँले सोमबार दमौलीमा आयोजना गरेको कार्यक्रममा मन्त्री गुरूङले नेपालमै बसेर भविष्य खोज्न र नेपालको प्रगतिमा सहभागी हुन आह्वान गरे ।

नेपालमा केही हुँदैन भन्ने भाष्य चिरेर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता रहेको बताउँदै मन्त्री गुरूङले भविष्य बनाउन विदेश जानुपर्छ भन्ने सोच त्याग्न आग्रह गरे । उनले भने, 'भविष्य बनाउनका लागि विदेश नै जानुपर्छ भन्ने मानसिकता गहिरो रूपमा बसिसकेको छ । त्यस्ता मानसिकता त्यागेर नेपालमै केही गर्न सकिन्छ भन्ने सोच राख्नुपर्छ ।'

सक्षम र दक्ष जनशक्ति उत्पादनमा राज्यले ठूलो लगानी गरेकाले त्यस्ता नागरिक स्वदेशमै बसेर केही गर्नुपर्नेमा उनको जोड थियो । संविधानले जनजातिलाई अधिकार दिएकाले जनजातिका छोराछोरी उच्च तहमा पुग्न सकेको मन्त्री गुरूङले बताए । मन्त्री गुरूङले शास्त्र र परम्परा हराए भाषा हराउने र भाषा हराए जात नै लोप हुने भएकाले भाषा र संस्कृतिको संरक्षणमा अग्रसर हुनुपर्ने बताए । भाषा, संस्कृति, परम्परा संरक्षण गर्ने कार्यमा हरेक जातजाति आफैं अग्रसर हुनुपर्ने उनको भनाइ थियो ।

गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले प्रदेश सरकार सबै जातजातिको संरक्षणका लागि क्रियाशील रहने बताए । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले चाडपर्वले जातीय सद्भाव कायम राख्न सहयोग पुग्ने उल्लेख गरे ।

## धितोमा रहेको जग्गाहरु लिलाम विक्री गर्ने बोलपत्र आव्हान सम्बन्धि ७ दिने सार्वजनिक सुचना

**(सूचना प्रकाशित मिति २०८१/०९/१६)**

यस संस्थाका तपशिलमा उल्लेखित ऋणी सदस्यले लिनु भएको कर्जा रकम संस्थासंगको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कर्जा रकम चुक्ता नगरेको हुँदा मिति २०८० मंसिर ५ गतेको राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा कर्जा चुक्ता गर्नको लागि ३५ दिने सुचना प्रकाशित गरिएकोमा सो अवधिमा उक्त ऋण कर्जाको बाँकी साँवा व्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई संस्थासंग गरेको ऋण कर्जा सम्बन्धी तमशुकमा उल्लेखित शर्त बन्देजहरु उल्लघंन गर्नु भएकोले ऋण कर्जाको सुरक्षण बापत संस्थाका नाममा धितो लेखिदिएको तपशिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानुनको अधिनमा रही गोप्य शिलबन्दि बोलपत्र मार्फत लिलाम विक्रि गरी संस्थाको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन ईच्छुक व्यक्ति, फर्म, कम्पनि वा अन्य संगठित संघ संस्थाले यो सुचनामा उल्लेखित अवधि भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रहि रितपूर्वक भरि यस संस्थाको कार्यालय काठमाण्डौ महानगरपालिका वडा नं.४, किर्तनचोक, वालुवारटारमा बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपशिल बमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम विक्री भई संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम कथंकदाचित ऋणी सदस्यको धितो बन्धक रहेको जग्गाबाट संस्थाको कर्जा रकम अशुल उपर हुन नसकेमा निजले कर्जा लिदाका बखत संस्थामा आई धनजमानी गरी दिने व्यक्तिको चल अचल सम्पत्तिबाट नपुग भएमा ऋणीका एकाघरका अन्य व्यक्तिको नाममा रहेको चल अचल सम्पत्तिबाट सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ र संस्थाको विनियम २०५७ तथा प्रचलित नेपालको कानुन बमोजिम असुल उपर गरीने व्यहोरा ऋणी सदस्य तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत

**तपसिल**

| ऋणीको बिवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **ऋणी : टिका वस्नेत**<br>बाजेको नाम : दल बहादुर वस्नेत<br>बाबुको नाम : मान बहादुर वस्नेत<br>ना.प्र.नं : ४०९७७-१९८७<br>जारी मितिः २०६२/०४/०७<br>**ऋणी : शान्ति गौतम**<br>बाबुको नाम : देउ राम दनै,<br>बाजेको नामः राम बहादुर दनै<br>ठेगाना : जिल्ला लमजुङ्ग वाग्लुङ्गपानी वार्ड नं. ५<br>ना.प्र.नं : २८८०५<br>जारी मितिः २०५५/११/१९ | जिल्ला नवलपरासी (बर्दघाट सुस्तापूर्व) गाविस अग्यौली ०८, किता नं. ५४६, ०-४-०-० विघा, १३५४.३३ वर्ग मि. को जग्गा । जिल्ला सिन्धुपाल्चोक, भिमटार, गाविस वार्ड नं. ०२, कि.नं. २४६ को १-५-१-२ रोपनी, जिल्ला सिन्धुपाल्चोक, भिमटार, गाविस वार्ड नं. ०२, कि.नं. २५२ को १-०-१-२ रोपनी, जिल्ला सिन्धुपाल्चोक, भिमटार गाविस वार्ड नं. ०२, को कि.नं. २४७ को २-६-०-१ रोपनी, जिल्ला चितवन खैरहनी चैनपुर गाविस वार्ड नं. ८, ८४७ १७६.९१ वर्ग मि |

**लिलाम विक्री सम्बन्धि शर्तहरु:-**

१) यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिन भित्र कर्जा चुक्ता नभएमा नियमानुसार प्राप्त हुन आएका शिलबन्दी बोलपत्रहरु संस्थाबाट माग गरिएका प्रतिनिधिहरुको रोहवरमा खोलि सुरक्षणमा रहेको जायजेथा लिलाम विक्री गरिने छ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोहि समयमा खोलिने छ ।
२) बोलपत्र आवेदन फारम संस्थाको कार्यालयबाट रु ५००।- (पछि फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिने छ । बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ ।
३) बोलपत्रका साथ आफुले कबुल गरेको अंकको १० प्रतिशत धरौटी रकम संस्थामा नगदै जम्मा गर्नुपर्ने छ । साथै धितो दाखिला गर्दा लाग्ने सरकारी दस्तुर कबुल गर्नेले नै व्यहोर्नु पर्ने छ ।
४) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र कबुल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउँमा नामसारी गरि लिनुपर्ने छ। सो म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्ध भई धरौटी रकम समेत जफत हुने छ ।
५) उल्लेखित चल अचल सम्पत्तिको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्र संस्थामा सम्पर्क राखि लिन सकिने छ ।
६) शिलबन्दी बोलपत्र माग गरिएको सम्पत्ति कसैले सकार नगरेमा सो सम्पत्तिको स्वामित्व कानुन बमोजिम संस्था आफैले सकार गर्नेछ ।
७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धि सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहने छ ।

**लिलाम हुने गोप्य शिलबन्दी खोलिने समय र स्थान**
स्थानः- संस्थाको कार्यालय, बालुवाटार-४, किर्तनचोक, काठमाण्डौ
समयः- दिनको ४:०० बजे, फोन नं.:- ९८४९२०८३२३

**एसेन्ट बचत तथा ऋण सहकारी संस्था लि.**
**बालुवाटार-४, किर्तनचोक, काठमाण्डौ, ईमेलः- accentsaving@gmail.com**

# Dhangadhi Sub-Metropolitan City
## Office of the Municipal Executive
**Dhangadhi, Kailali**

## INVITATION FOR THE BIDS

Date of publication: 31st December 2024 (2081/09/16 B.S.)

1. Dhangadhi Sub-Metropolitan City invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding.

| S. N. | Contract Id Number | Description of Work | Estimated Amount Ex. VAT | Bid Security NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 79/SMC/ 2081/082 | Construction of First and Second Storey of RCC Framed Structure School Building of Panchodaya Secondary School at Ward No. 5 DSMC | 48,22,516.67 | 1,21,000/- | 3,000/- | 31st January 2025 (2081/10/18 B.S.) 12:00 Noon |
| 2 | 80/SMC/ 2081/082 | Construction of First and Second Storey of RCC Framed Structure School Building of Saraswati Secondary School at Ward No. 7 DSMC | 1,27,09,447.82 | 3,18,000/- | 3,000/- | |
| 3 | 81/SMC/ 2081/082 | Construction of Tharu Deuthan Sangrahalaya at Ward No. 5 DSMC | 27,13,320.05 | 68,000/- | 3,000/- | |
| 4 | 82/SMC/ 2081/082 | Construction of Road Works from Bhagawati Tole Gauri Tarataal Ward No. 9 DSMC | 28,27,348.36 | 71,000/- | 3,000/- | |
| 5 | 83/SMC/ 2081/082 | Construction of Chaudhary Rana Tharu Community Building at Ward No. 8 DSMC | 44,26,273.86 | 1,11,000/- | 3,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Website: dhangadhimun.gov.np, Phone no. 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल पुस महिना १६ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय सिद्धिचरणबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउ नु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) कर्जा शीर्षक : साना आवास कर्जा**

| ऋणीको विवरण |
|---|
| कर्मा लाक्पा शेर्पाको छोरी मिङमार तुन्डु शेर्पाको बुहारी काजी शेर्पाको पत्नी ओखलढुंगा जिल्ला बर्णलु वडा नं. ७ हाल, सिद्धिचरण न.पा. वडा नं. ५ बस्ने **पासाङ डोल्मा शेर्पा** (ना.प्र.नं. : १५०७ जारी मिति र जिल्ला : २०५३/०६/१४, ओखलढुंगा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) सुम्बा शेर्पाको नाति मिङमार तुन्डु शेर्पाको छोरा ओखलढुंगा जिल्ला बर्णलु वडा नं. ७ हाल, सिद्धिचरण न.पा. वडा नं. ५ बस्ने **काजी शेर्पा** (ना.प्र.नं. : ९८०/६२९८ जारी मिति र जिल्ला : २०४४/११/११, ओखलढुंगा) |
| २) पदम बहादुर सुनुवारको नाति ङ्याउसे सुनुवारको पत्नी बारा जिल्ला निजगढ वडा नं. ७ हाल, सिद्धिचरण न.पा. वडा नं. ११ बस्ने **तेज बहादुर सुनुवार राई** (ना.प्र.नं. : ३३३०११/३२८७ जारी मिति र जिल्ला : २०६३/१०/१८, बारा) |

**२) कर्जा शीर्षक : साना आवास कर्जा**

| ऋणीको विवरण |
|---|
| बम बहादुर मगरको नाति बल बहादुर मगरको छोरा ओखलढुंगा जिल्ला जन्तखानी वडा नं. १ हाल, सिद्धिचरण न.पा. वडा नं. ६ बस्ने **राम कुमार मगर** (ना.प्र.नं. : ८२५ जारी मिति र जिल्ला : २०५४/१२/३०, ओखलढुंगा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) भिम बहादुर मगरको छोरी बल बहादुर मगरको बुहारी राम कुमार मगरको पत्नी ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. ६ बस्ने **निर्मला मगर** (ना.प्र.नं. : १३-०१-७१-०१६८६ जारी मिति र जिल्ला : २०७१/०६/०७, ओखलढुंगा) |
| २) शेर बहादुर मगरको नाति गणेश बहादुर मगरको छोरा ओखलढुंगा जिल्ला जन्तखानी वडा नं. १ हाल, सिद्धिचरण न.पा. वडा नं. ६ बस्ने **खम बहादुर मगर** (ना.प्र.नं. : ५/२८८/७६४९/१३६ जारी मिति र जिल्ला : २०५२/०५/२०, ओखलढुंगा) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक




## रामचरणको एउटा गीतको सुटिङमा ७५ करोड खर्च

मेगा बजेटको फिल्ममा रामचरण फिल्म अर्को महिना रिलिज हुँदैछ । यो फिल्मका गीतमा मात्रै निर्माताले ७५ करोड रूपैयाँ खर्च गरेका छन् । यो फिल्मको कुल बजेट करिब २५० करोड भारू रहेको जनाइएको छ । फिल्ममा रामचरणको अपोजिटमा कियारा आडवाणी छिन् । डेक्कन क्रोनिकलको रिपोर्ट अनुसार हालै फिल्मको प्रि रिलिज कार्यक्रम अमेरिकाको डलासमा आयोजना गरिएको थियो । यसको गीतमा निर्माताले ७५ करोड रूपैयाँ खर्च गरेका त्यहीवाट खुलेको हो । 'गेम चेन्जर'का यी गीतका लागि विलासी र ठूला सेट जडान गरिएको थियो । फिल्म रिलिज हुन १२ दिन बाँकी छ ।



मंगलबार, १६ पुस २०८१ (Tuesday, December 31, 2024)

# बुद्धि तामाङले गरे 'कुस्ती' बनाउने घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं** – तमु ल्होसारको अवसर पारेर कलाकार बुद्धी तामाङको निर्माण रहने फिल्म 'कुस्ती' घोषणा गरिएको छ । अनिल योञ्जनको लेखन तथा निर्देशनमा तयार हुने फिल्मको सार्वजनिक पोस्टरमा धीरज मगर र मिरुना मगर फिचर्ड छन् । यसपटक पोस्टरमा लाइट ग्रीन र लाइट पिङककोको प्रयोग गरिएको छ ।

पोस्टरमा धीरज मगरले लाइट पिङ्क ड्रेस लगाएका छन् भने मिरुना मगरले लाइट ग्रीन ड्रेसमा देखिएका छन् । धीरजको स्वभाव लाइट पिङ्क जस्तै छ । उ जेन्टल छ, केयरिङ छ, रोमान्टिक छ र सफ्ट छ ।

यस्तै, मिरुना लाइट ग्रीन कलर झैँ प्रगतिशील सम्बन्ध जोड्ने, हरेक कुरामा पर्फेक्ट खोज्ने स्वभावकी छिन् । फिल्ममा धीरज र मिरुनासँगै बुद्धी तामाङको पनि अभिनय रहने छ ।

अनुषा सिनेमा वुड पिक्चर्स प्रालीको व्यानरमा बन्ने फिल्म 'कुस्ती' मा सम्बन्धमा रहेको एक जोडीको प्रेम कथा देखाइने निर्देशक योञ्जनले बताए । उनले भने, 'उनीहरू एक अर्कालाई धेरै माया गर्छन् तर आ-आफ्नो स्वभावले गर्दा एकसाथ रहन कठिनाईकको सामना गरिरहेका छन् । दर्शकले यो जोडीबाट गर्ने अपेक्षालाई पूर्ण गर्ने हाम्रो प्रयाश रहनेछ ।'

कलाकार बुद्धी तामाङले कथावस्तु र टिमका कारण आफू निर्माणमा आएको बताए । उनले भने,' म यसै क्षेत्रमा छु । यसपटक कथावस्तु मन पर्नुका साथै टिम अनुभवी रहेकाले निर्माताको रूपमा अगाडि आएको छु । यसपटक सबैको साथ र सहयोगले यो यात्रा सफल हुनेमा विश्वस्त छु । हामी फिल्मको विषयमा अन्य जानकारी र टिमको परिचय विस्तारै दिनेछौं ।'

उनले छुटिन नसक्ने र सँगै रहन पनि नसक्ने जोडीको प्रेम कथा हो 'कुस्ती' रहेको बताए । काठमाडौं रीच इन्टरटेनमेन्ट र एप्पल इन्टरटेनमेन्ट, मोफसल एफडी कम्पनिले प्रदर्शनका लागि वितरण गर्ने फिल्म आउँदो वर्ष विसं २०८२ को भाद्रमा प्रदर्शन हुनेछ । पोस्टरमा उमङग शाहीको फोटोग्राफी र राकेश दाहालको पोस्टर डिजाइन रहेको छ ।

# 'रंगी'को टिजर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं** – सान्भी इन्टरटेनमेन्ट प्रालिको व्यानरमा निर्माण भएको फिल्म 'रंगी' को टिजर सार्वजनिक भएको छ । अभिनेता सलोन बस्नेत प्रस्तुतकर्ता रहेको फिल्मको सोमबार सार्वजनिक एक मिनेट ३५ सेकेण्डको टिजर फिल्मका प्रमुख दुई पात्र सलोन बस्नेत र आयुषी ढकाल वरपर घुमेको छ ।

टिजरमा छोरी आयुषी र बाबु सलोनको प्रेम, छोरीका लागि सलोनको संघर्ष देखाइएको छ । टिजर खुशी, रोदन र पीडा मिश्रित छ । फुड डेलिभरी ब्वाई बनेका सलोनले छोरीका लागि पानीमा भिज्दै काम गरेको दृश्य, छोरीलाई स्याहार सुसार गरेको दृश्य टिजरमा हेर्न पाइन्छ । टिजरमा कारले हिर्काएर घाइते भएकी छोरीलाई हातमा बोकेर सलोन चिच्याएको दृश्य निकै कारुणिक छ ।

टिजरमा फिल्मकी अर्की प्रमुख कलाकार नम्रता श्रेष्ठको सलोनसँगको निकटता देखाइएको छ । यो फिल्म



आगामी फागुन २ गते रिलिज हुँदैछ ।

यसअघि फिल्मका दुई पोस्टर सार्वजनिक भइसकेका छन् । सार्वजनिक पोस्टरले फिल्मलाई एक किसिमको हाइप दिइसकेको छ ।

सुरेश न्यौपानेको 'डेब्यू' निर्देशन रहेको फिल्ममा सलोन बस्नेत, नम्रता श्रेष्ठ, दिलीप रायमाझी, आयुषी ढकाल, उत्तम केसी, सुमिन गुरुङ, र विशाल पहारीको अभिनय छ । प्रस्तुतकर्ता सलोनका अनुसार फिल्मले बाबुछोरीको कथा देखाउनेछ । फिल्म 'रंगी' सलोनको डेब्यू निर्माण हो ।

सक्षम सुवेदी, करिश्मा केसी बस्नेत र अनिश गौतमको निर्माण रहेको फिल्ममा सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, आनन्द कार्की, आमेश भण्डारी, भीम बिसी, समीक्षा अधिकारी र सुजता केसीको स्वर, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको शब्द, बन्दे प्रसादको सम्पादन, राजेन्द्र मोक्तानको कलर, कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी तथा केवलमान सिंह बस्नेतको प्रोडक्सन छ ।

फिल्मलाई एप्पल इन्टरटेनमेन्ट, एफडी र रिच इन्टरटेनमेन्टले वितरण गर्दैछ ।

# आज सिल्भर ओएक्समा गुञ्जँदै तीन ब्याण्ड

**काठमाडौं (प्रस)**– अङ्ग्रेजी नयाँ वर्ष २०२५ को अवसर पारेर त्यसको पूर्वसन्ध्यामा यही डिसेम्बर ३१ मा काठमाडौंको गैरीधारास्थित सिल्भर ओएक्समा तीन व्याण्ड एक्सिस, झिल्के एण्ड द कम्पनी र कुमा सागर एण्ड द ख्वप गुञ्जिने भएका छन् ।

पोजेटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क( पीभीई नेटवर्क)को प्रस्तुतीमा भइरहेको 'चिल म्युजिक फेस्ट' अन्तर्गत यी तीन व्याण्ड गुञ्जिन लागेका हुन् ।

पीभीई नेटवर्कका अनुसार गैरीधारामा व्याण्डहरूले साँझ ७ बजेदेखि सांगीतिक प्रस्तुती दिनेछन् । 'कार्यक्रममा व्याण्डहरूको सांगीतिक विविधता, परिकार र जलपानसँगै नयाँ वर्षको विशेष उत्सव हुनेछ', पीभीई



नेटवर्कले भनेको छ ।

यी तीन व्याण्डले 'चिल म्युजिक फेस्ट' अन्तर्गत झापा र बुटवलको तिलोतमामा कन्सर्ट गरिसकेका छन् । झापा कन्सर्टका इभेन्ट संयोजक सोनु पुडासैनी र बुटवल संयोजक अशोक थापाले दुवै स्थानमा उल्लेखनीय दर्शकको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको बताए । 'हामीले झापा र बुटवलको तिलोतमामा क्रिसमस इभको अवसर पारेर उल्लेख्य मात्रामा संगीत पारखीमाझ कार्यक्रम गर्न सफल भयौं', थापाले भने ।

कार्यक्रमका काठमाडौं संयोजक रोहित श्रेष्ठले खल्ती एपमार्फत कार्यक्रमका लागि टिकट बुकिङ भइरहेको बताए । 'यो दिन काठमाडौंमा अन्य ठूलो कार्यक्रम नभएकाले नयाँ वर्षको इभलाई हामी विशेष महत्व दिएर कार्यक्रम गर्दैछौं', रोहितले भने । उनले आकर्षक स्टेज सजावटसँगै नयाँ वर्षलाई स्वागत गर्न विशेष तयारी भइरहेको बताए ।



# फाल्गुनन्द गोल्डकपको उपाधि चर्च ब्वाइजलाई




■ प्रभाव संवाददाता

**पाँचथर** – पाँचथरको फिदिममा आयोजित ११औं फाल्गुनन्द गोल्डकप फुटबल प्रतियोगिताको उपाधि चर्च ब्वाइज युनाइटेड क्लब काठमाडौंले जितेको छ ।

पाँचथरको फिदिमस्थित फिदिम माध्यमिक विद्यालयको खेलमैदानमा सोमबार सम्पन्न फाइनल खेलमा मछिन्द्र फुटबल क्लबलाई टाइब्रेकरमा ५-४ गोलअन्तरले पराजित गर्दै चर्च ब्वाइज युनाइटेडले उपाधि उचालेको हो । निर्धारित खेल २-२ गोलको बराबरीमा सकिएपछि खेलको निर्णय टाइब्रेकरबाट लिइएको थियो । टाइब्रेकरमा चर्च ब्वाइजका लागि एकराज बुढाथोकी, रोहन कार्की, विदेशी खेलाडी अबयोमी ओलुवासेन, छिरिङ लामा र सुजन डङ्गोलले गोल गरे ।

मछिन्द्रका लागि देवेन्द्र तामाङ, सनिश श्रेष्ठ, सौरभ सुब्बा र समिराज थोकरले गोल गरे पनि दयानन्द इलाङबाङको प्रहार चर्च ब्वाइजका गोलकिपर कृशल मोक्तानले रोकेका थिए । कृशलको त्यही बचाउ चर्च ब्वाइजलाई उपाधि दिलाउन पर्याप्त बन्यो ।

खेलको ४५औं मिनेटमा मछिन्द्रका बिजु भुजेलले गोल गर्दै आफ्नो टिमलाई अग्रता दिलाए । अठहत्तरऔं मिनेटमा छिरिङ लामाले गोल गर्दै चर्च ब्वाइजलाई बराबरीमा ल्याए । खेलको ८८औं मिनेटमा सनिश श्रेष्ठले गोल गर्दै मछिन्द्रलाई अग्रता दिलाए । तर अतिरिक्त पाँच मिनेटको समयमा चर्च ब्वाइजका लागि समिर तामाङले गोल गर्दै खेललाई बराबरी गरे । दुई मिनेट आफ्नो अग्रता जोगाउन नसक्दा मछिन्द्र उपविजेतामै सीमित बन्यो । उपाधिसँगै चर्च ब्वाइजले रु १० लाख पाँच सय ५५ पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र तथा उपविजेता मछिन्द्रले रु पाँच लाख पाँच सय ५५ पुरस्कार प्राप्त गरेको छ ।

## योनेक्स सन्राइज नेपाल जुनियर सिरिज

# एकलको उपाधि सूर्यक्ष र पारूललाई

■ प्रभाव संवाददाता

**काठमाडौं**– काठमाडौंमा जारी योनेक्स सनराईज नेपाल जुनियर इन्टरनेशनल सिरिज २०२४ को एकल तर्फको उपाधी पुरुष एकल तर्फ सूर्यक्ष रावत र महिला तर्फ पारुल चौधरीले हात पारेका छन् ।

भारतिय खेलाडीहरूको दवदवा रहेको प्रतियोगिताको पुरुष एकल तर्फ सूर्यक्षले अंश नेगीलाई २१-१७, २१-१८ ले पराजित गर्दै उपाधी उचालेका हुन् । यस्तै महिला तर्फ चौधरीले मेधावी नागरलाई २१-१७, २१-१६ ले पराजित गर्दै उपाधीमा आफ्नो नाम लेखाएकी हुन् । पुरुष तर्फ साई प्रसाद तिगला र बिश्वजित चौधरी तथा महिला तर्फ ईशिता नेगी र दिया भिमैया संयुक्त कास्य पदकमा सिमित भए ।

नेपाल ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको महिला युगल तर्फको उपाधी आन्या बिष्ट र एञ्जल पुनेराले हात पारे । उक्त जोडीले दिया भिमैया र बरुणी पर्सवाललाई २१-१४, २१-१८ ले पराजित गरेका हुन् । तेश्रो स्थानमा ईशिता नेगी र भान्सिका ठाकुर तथा जेनिथ अब्बिगिल र तारिनी सुरीको जोडी रहे ।

पुरुष युगल तर्फ भाब्य छाबरा र परम चौधरीको जोडीले जित हात पार्दै उपाधी जिते । छाबरा र चौधरीको जोडीले दिभ्यांस अग्रवाल र निरज केशरीको जोडीलाई २१-१७, २१-१५ ले पराजित गरेका हुन् । तेश्रो स्थानमा दभ्यांश रावत र योगांश सिंहको जोडी तथा सी. लालरामसँग र सौरभ साहुको जोडी रहे ।

मिक्स युगल तर्फ भाब्या छावरा र एन्जल पुनेराको जोडीले गर्भ सानी र ईशिता नेगीको जोडीलाई २१-१३, २१-१४ ले पराजित गर्दै उपाधीमा आफ्नो नाम लेखाए । तेश्रो स्थानमा सौरभ साहु र प्रगती परिदा तथा बिजोन जैसन र आन्या बिष्टको जोडी रहे ।

बिजयी खेलाडीहरूले मेडल तथा प्रमाण पत्र प्राप्त गरे । पाँचवटै विधाको सेमिफाईनलमा भारतिय खेलाडीहरूको मात्र प्रतिस्पर्धा रहेको थियो ।

तीन दिने प्रतियोगितामा सहभागी ९९ खेलाडी मध्ये भारतका ६०, नेपालका १६, थाईल्याण्डका १०, युएइका ४, इरानका ३, न्युजिल्याण्डका २ तथा मलेसिया, अष्ट्रेलिया, बंगलादेश र इन्डोनेसियाका १/१ जना खेलाडीहरूको सहभागिता रहेको थियो ।

# दक्षिण अफ्रिका विश्व टेस्ट च्याम्पियनसिपको फाइनलमा

**काठमाडौं**– दक्षिण अफ्रिकाले पहिलो टेस्टमा पाकिस्तानलाई दुई विकेटले पराजित गर्दै दुई खेलको शृंखलामा १-० को अग्रता लिएको छ । योसँगै दक्षिण अफ्रिका विश्व टेस्ट च्याम्पियनसिप (डब्लुटिसी) को फाइनलमा पुग्ने पहिलो टोली बनेको छ । दक्षिण अफ्रिकालाई जितका लागि १४८ रन चाहिएको थियो । उक्त लक्ष्य दक्षिण अफ्रिकाले आठ विकेट गुमाएर भेट्टायो । दक्षिण अफ्रिका पहिलोपल्ट डब्लुटिसीको फाइनलमा प्रवेश गरेको हो ।

डब्लुटिसीको फाइनल आगामी जुन ११ देखि जुन १५ सम्म हुनेछ । साथै एक दिनलाई रिजर्भ डेको रूपमा राखिएको छ । दक्षिण अफ्रिका डब्लुटिसीको अंक तालिकाको शीर्ष स्थानमा छ । ११ खेलमा सात जित हात पारेसँगै दक्षिण अफ्रिकाको अंक प्रतिशत ६६.६७ पुगेको छ । अब डब्ल्युटिसीको फाइनलमा पुग्ने दोस्रो टिम को हुन्छ, त्यो हेर्न बाँकी छ ।

भारत र अस्ट्रेलिया अहिले दोस्रो स्थानका लागि भिडिरहेका छन् । पाँच खेलको टेस्ट शृंखला तीन खेलपछि १-१ को बराबरीमा रोकिएको छ । चौथो खेल मेलबर्नमा भइरहेको छ भने शृंखलाको अन्तिम खेल जनवरी ३ देखि सिड्नीमा हुनेछ । यदि रोहित शर्माको टिमले यी दुई खेल जित्न सफल भयो भने टोली फाइनलमा पुग्ने दोस्रो टोली बन्न सक्छ । अस्ट्रेलिया ५८.८९ अंकका साथ दोस्रो र तेस्रो स्थानमा रहेको भारतको ५५.८८ अंक छ ।

दक्षिण अफ्रिकाले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो । कामरान गुलामको अर्धशतकको मद्दतमा पाकिस्तानले २११ रन बनाएको थियो । बलिङतर्फ डेन प्याटरसनले पाँच तथा कोर्बिन बोस्चले चार विकेट लिए । जवाफमा एडेन मार्कराम (८९) र कोर्बिन बोश (८१ अविजित) को अर्धशतकीय इनिङ्समा ३०१ रनको लक्ष्य पछ्याउँदै घरेलु टोली दक्षिण अफ्रिकाले ९० रनको अग्रता लिएको थियो ।

दोस्रो इनिङ्समा पाकिस्तानले २३७ रन बनाउँदा दक्षिण अफ्रिकाले १४८ रनको लक्ष्य पाएको थियो । टस हारेर पहिले ब्याटिङ गरेको तेम्बा बावुमाको टिमले आठ विकेटको क्षतिमा १५० रन बनायो । *एजेन्सी*


**Mahakali Municipality**
**Office of Municipal Executive**
**Khalanga, Darchula, Sudharpaschim Province, Nepal**

**Invitation for Sealed Quotation for Procurement of Fabricated Steel Parts for Trail Bridge**

**Date of Publication: 2081/09/16(31st December 2024 AD)**
***Last Date of Bid Submission: 12 Hours, 2081/10/02(15th January 2025 AD)***

Mahakali Municipality, Office of Municipal Executive Khalanga Darchula invites electronic bids for procurement of following works under Sealed Quotation procedures. All other Information, Mandatory documents and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit their e-bid with the requested documents within mentioned period.

| S. N. | Project Name | Contract ID | Project Cost without VAT and Contingencies (NRS) | Bid Security NRS) |
|---|---|---|---|---|
| 1 | Procurement of Fabricated Steel Parts and Transportation upto Road Head of Ghattekhola Trail Bridge | 11/MMDARCHULA/SQ/POFSPFTB2081/082 | 1139547.48 | 30000 |

**Chief Administrative Officer**

# अमेरिकाका ३९औं राष्ट्रपति जिमी कार्टरको १०० वर्षको उमेरमा निधन

**एटलान्टा-** अमेरिकाका ३९औं राष्ट्रपति जिमी कार्टरको १०० वर्षको उमेरमा निधन भएको छ । वाटरगेट काण्ड र भियतनाम युद्धपछि राष्ट्रपति पद जित्ने बदाम किसान जिम्मी कार्टरले ह्वाइटहाउसको कार्यकालपछि विश्वव्यापी मानवतावादीको रूपमा जीवनलाई पुनः परिभाषित गरेका थिए ।

सबैभन्दा लामो समयसम्म बाँचेका अमेरिकी राष्ट्रपतिको आइतबार जर्जियाको सानो सहर प्लेन्समा रहेको आफ्नो घर होस्पिस केयरमा प्रवेश गरेको लगभग २२ महिनापछि निधन भयो । त्यहाँ उनी र उनकी श्रीमती रोजालिनले आफ्नो जीवनको अधिकांश समय बिताए । रोजालिनको सन् २०२३ नोभेम्बरमा ९६ वर्षको उमेरमा निधन भएको थियो ।

'हाम्रा संस्थापक, पूर्वअमेरिकी राष्ट्रपति जिमी कार्टरको आज दिउँसो प्लेन्स, जर्जियामा निधन भयो,' कार्टर सेन्टरले सामाजिक मिडिया प्लेटफर्म एक्समा भन्यो । उनको आफ्नो परिवारबीच शान्तिपूर्वक निधन भएको विज्ञप्तिमा उल्लेख छ ।

राष्ट्रपति जो बाइडेनले कार्टरको निधनमा शोक व्यक्त गर्दै विश्वले एक 'असाधारण नेता, राजनीतिज्ञ र मानवतावादी' गुमाएको र आफूले एक प्रिय मित्र गुमाएको बताए । बाइडेनले रोग उन्मूलन, शान्ति स्थापना, नागरिक र मानवअधिकारलाई अगाडि बढाउन, स्वतन्त्र र निष्पक्ष चुनावलाई बढावा दिन र घरबारविहीनहरूलाई अरूका लागि उदाहरणका रूपमा कार्टरको कामलाई उद्धृत गरे ।

'यस देशका सबै युवाका लागि उद्देश्य र अर्थको जीवन बिताउनुको अर्थ के हो भनेर खोज्ने जो कोहीले राम्रो जीवन, सिद्धान्त, विश्वास र नम्रताका मानिस जिमी कार्टरलाई अध्ययन गर्नुहोस्,' बाइडेनले विज्ञप्तिमा भने ।

बाइडेनले आइतबार साँझ कार्टरको बारेमा कुरा गर्दै यसलाई 'दुःखद दिन' तर 'अविश्वसनीय मात्रामा राम्रा सम्झनाहरू



फिर्ता ल्याउने' बताए । 'म जिमी कार्टरसँग ५० वर्षभन्दा बढी समयदेखि समय बिताउँदै आएको छु' बाइडेनले भने । उनले सन् २०१५ मा आफ्नो छोरा ब्युको क्यान्सरबाट निधन हुँदा पूर्वराष्ट्रपतिले आफू र आफ्नी पत्नी जिललाई सान्त्वना दिएको सम्झना गरे । कार्टर आफैंलाई पछि क्यान्सर भएको थियो ।

वासिङ्टनमा कार्टरको राजकीय सम्मानका साथ अन्त्येष्टि गर्न आदेश दिएका बाइडेनले भने, 'जिमीलाई यस रोगको विनाशबारे राम्ररी थाहा थियो ।' व्यापारी, नौसेना अधिकारी, सुसमाचार प्रचारक, राजनीतिज्ञ, वार्ताकार, लेखक, काठकर्मी, विश्वका नागरिक कार्टरले एउटा यस्तो बाटो बनाए जसले अझै पनि राजनीतिक धारणाहरूलाई चुनौती दिन्छ र राष्ट्रको सर्वोच्च कार्यालयमा पुग्ने ४५ जना पुरुषमध्ये उनी एक हुन् ।

## जनवरी ९ मा राष्ट्रिय शोक मनाइने

अमेरिकाले जनवरी ९ लाई दिवंगत पूर्वराष्ट्रपति जिम्मी कार्टरको सम्मानमा राष्ट्रिय शोक मनाउने घोषणा गरेको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले जिमी कार्टरको सम्झनामा जनवरी ९ लाई राष्ट्रिय शोक दिवसको रूपमा मनाउने घोषणा गरेका हुन् ।

बाइडेनले ह्वाइटहाउसमा जारी गरेको घोषणामा भनेका छन्, 'म अमेरिकी जनतालाई त्यस दिन आ-आफ्नो पूजास्थलमा भेला हुन आह्वान गर्दछु र त्यहाँ राष्ट्रपति जेम्स अर्ल कार्टर जुनियर (जिम्मी कार्टर) को स्मृतिमा श्रद्धाञ्जलि अर्पण गर्न आह्वान गर्दछु ।'

उनले अगाडि थपे, 'म हाम्रो दुःखमा सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण विश्व समुदायलाई शोकको यस घडीमा उक्त पवित्र कार्यमा हामीसँग सामेल हुनका लागि आग्रह गर्दछु ।'

कार्टरले आफ्नो महत्त्वाकांक्षालाई गहिरो बुद्धि, गहिरो धार्मिक विश्वास र विलक्षण कार्य नैतिकताका साथ प्रयोग गरे । आफ्नो ८० को दशकमा कूटनीतिक मिसनहरू सञ्चालन गरे र ९० को दशकमा गरिबहरूका लागि घरहरू निर्माण गरे ।

'मेरो विश्वासले माग गर्दछ- यो वैकल्पिक होइन, मेरो विश्वासले माग गर्दछ कि म जे गर्न सक्छु, म जहाँ छु, जब सक्छु, जबसम्म म गर्न सक्छु, मैले फरक पार्ने प्रयास गर्नुपर्दछ,' कार्टरले कुनै बेला भनेका थिए । *रासस/एपी*



**दक्षिण चीनको हेनान प्रान्तको बुझिशानमा एक जातीय फेसन शोको दौरान कलाकारहरू प्रदर्शन गर्दै ।**
*तस्बिरः सिन्हवा*

# कार्टरको विरासत विश्व समुदायबाट प्रशंसा

**वासिङ्टन-** अमेरिकी राष्ट्रपति जो बाइडेनलगायत विश्वभरिबाट १०० वर्षको उमेरमा आइतबार निधन भएका जिम्मी कार्टरप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उनले मानवअधिकार र शान्तिका लागि गरेका कार्यहरूको सम्झना गरिएको छ ।

'अमेरिका र विश्व जगतले एक असाधारण नेता, राजनीतिज्ञ र मानवतावादी व्यक्तित्वलाई गुमाएको छ,' अमेरिकी राष्ट्रपति बाइडेनले ह्वाइट हाउसमा जारी गरेको वक्तव्यमा भनिएको छ । बाइडेनले एक टेलिभिजन सम्बोधनमा भने, 'कार्टरले 'शब्दले होइन, तर आफ्नो कर्मले नापिएको' जीवन बिताएका छन् । हामी सबै जिमी कार्टर जस्तै अलि बढी हुन प्रयास गर्न राम्रो हुने छ ।' अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकीहरूले कार्टरलाई 'कृतज्ञताको ऋण' तिर्नुपर्ने बताएका छन् ।

'राष्ट्रपतिका रूपमा जिमीले सामना गर्नुपरेका चुनौतीहरू हाम्रो देशका लागि महत्त्वपूर्ण समयमा आएका थिए र उनले सबै अमेरिकीहरूको जीवन सुधार गर्न आफ्नो शक्तिले भ्याएसम्म सबै गरे,' अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पले सामाजिक सञ्जालमा लेखेका छन् ।

पूर्वअमेरिकी राष्ट्रपतिहरूमध्ये बिल क्लिन्टनले आफ्ना पूर्ववर्तीहरूले 'राम्रो र निष्पक्ष विश्वका लागि अथक परिश्रम गरेको' बताएका छन् । अमेरिकी पूर्वराष्ट्रपति जर्ज डब्ल्यू बुसले कार्टरले भने 'कार्यालयलाई सम्मानित' भनेका थिए । संसारलाई राम्रो उपहार छोड्ने उहाँको प्रयास राष्ट्रपतिबाट बाहिरिएपछि पनि समाप्त भएन ।'

अमेरिकी राष्ट्रपति बराक ओबामाले कार्टरले 'अनुग्रह, गरिमा, न्याय र सेवाको जीवन बिताउनुको अर्थ के हो' भनेर सिकाएको भन्दै उनको मुक्तकण्ठले प्रशंसा गरेका छन् ।



### "लोकतन्त्र प्रेमी"

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले भने, '३९औं अमेरिकी पूर्वराष्ट्रपति कार्टरलाई हाम्रो पृथ्वीको रक्षा गर्नु र विश्वव्यापी जनस्वास्थ्यलाई बढावा दिनु राष्ट्रिय सुरक्षाहितका लागि महत्त्वपूर्ण छ भन्ने कुरा बुझ्नु हतारो थियो ।'

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले कार्टरलाई कमजोर वर्गप्रति ऐक्यबद्धता, सदावहार अनुग्रह र साझा हित र हाम्रो साझा मानवताप्रतिको अटुट विश्वासका लागि स्मरण गरिने बताएका छन् । विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस अधानोम घेब्रेयेससले कार्टरले आफ्नो फाउन्डेसनसँग मिलेर राष्ट्रपति पदपछि गरेको कामले 'अनगिन्ती मानिसहरूको ज्यान बचाएको र धेरै उपेक्षित उष्णकटिबन्धीय रोगहरू उन्मूलनको नजिक ल्याउन मद्दत गरेको' उल्लेख गरे ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकाका पूर्वराष्ट्रपति जिम्मी कार्टरको निधनप्रति दुःख व्यक्त गरेका छन् । प्रधानमन्त्री मोदीले कार्टरले भारत र अमेरिकाबीचको सम्बन्धलाई मजबुत बनाउन पुऱ्याएको योगदानले चिरस्थायी विरासत छोडेको बताएका छन् । उनले सामाजिक सञ्जाल एक्समार्फत पठाएको सन्देशमा भनिएको छ, 'अमेरिकाका पूर्वराष्ट्रपति जिम्मी कार्टरको निधनबाट निकै मर्माहत भएको छु । उहाँ विश्वशान्ति र सद्भावका लागि अथक प्रयास गर्ने महान् दूरदृष्टि भएका राजनेता हुनुहुन्थ्यो ।'

उनले अगाडि भने, 'भारत-अमेरिकाको मजबूत बनाउन उहाँको योगदान र सम्बन्धले स्थायी विरासत छोड्छ । उहाँको परिवार, साथीभाइ र अमेरिकाका जनताप्रति मेरो हार्दिक समवेदना छ ।' इजिप्टका नेता अब्देल फतह अल-सिसीले सन् १९७८ को ऐतिहासिक क्याम्प डेभिड सम्झौताको मध्यस्थतामा कार्टरले खेलेको भूमिकाका लागि 'मानवीय प्रयासको प्रतीक' भएको भन्दै प्रशंसा गरेका छन् ।

इजरायलका राष्ट्रपति आइज्याक हर्जोगले कार्टरले गरेको सन्धि मध्यपूर्व र उत्तर अफ्रिकामा धेरै दशकपछि पनि स्थिरताको आधार भएको बताएका छन् । हर्जोगले भने, 'राष्ट्रहरूबीच शान्ति कायम गर्ने उनको गहिरो प्रतिबद्धताले उनको विरासतलाई परिभाषित गर्ने छ ।'

जर्मनीका चान्सलर ओलाफ स्कोल्जले दिवंगत भएका अमेरिकी पूर्वराष्ट्रपति कार्टरको निधनका कारण आफू स्तब्ध भएको बताउँदै भने, 'कार्टरको निधनसँगै अमेरिकाले लोकतन्त्रका लागि एक योद्धा गुमाएको छ । विश्वले मध्यपूर्वमा शान्ति र मानवअधिकारका लागि एक महान् मध्यस्त गुमाएको छ ।'

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले कार्टरले आफूलाई दिएको सल्लाहमा सधैं विचारशील र उदार रहेको बताएका छन् । मेक्सिकोको विदेश मन्त्रालयले कार्टरको मृत्युलाई 'दुखद् क्षति' भनेको छ । बेलायतका राजा चार्ल्सले कार्टरको समर्पण र नम्रताले धेरैलाई प्रेरणा दिएको बताएका छन् भने प्रधानमन्त्री केइर स्टार्मरले अमेरिकी नेताको 'शान्तिका लागि आजीवन समर्पण' प्रति श्रद्धाञ्जलि व्यक्त गरेका छन्।

ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा. सिल्भाले कार्टरलाई 'लोकतन्त्रप्रेमी र शान्तिका रक्षक' भन्दै प्रशंसा गरेका छन् । लुलाले भने, 'विकासका लागि शान्ति सबैभन्दा महत्त्वपूर्ण सर्त हो भन्ने विचारको प्रतिरक्षा गर्ने नामका रूपमा उहाँलाई सदाका लागि स्मरण गरिने छ ।'

सन् १९७७ देखि १९८१ सम्म धेरैले कार्टरको कार्यकालमा ध्यान केन्द्रित गरेता पनि युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले कार्टरको 'रूसको अकारण आक्रमणको सामना गर्दै युक्रेनका लागि अटूट समर्थन' रहेको बताए । फ्रान्सका राष्ट्रपति इमानुयल म्याक्रोंले कार्टर 'अति कमजोर वर्गको अधिकारका लागि दृढ वकालत गर्दै आएको र शान्तिका लागि अथक संघर्ष गरेको' बताएका छन् ।

चीनको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'कार्टरको प्रशासनले वासिङ्टन र बेइजिङबीच औपचारिक कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णय गरेको र यो चीन-अमेरिका सम्बन्धका लागि 'महत्त्वपूर्ण योगदान' भएको छ ।'

'पूर्वराष्ट्रपति कार्टर चीन र संयुक्त राज्य अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापनाका प्रवर्तक र निर्णयकर्ता हुनुहुन्थ्यो,' चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले भने । नासाका प्रशासक बिल नेल्सनले कार्टरको विरासत पृथ्वीभन्दा पनि बाहिर रहेको बताएका छन् । सन् १९७७ मा प्रक्षेपण गरिएको अन्तरिक्ष एजेन्सीको भोयजर १ प्रोबमा कार्टरको एउटा रेकर्ड गरिएको सन्देश छ जसले उनको मुख्य भलाइ र अनुग्रहलाई समातेको छ ।

'यो एउटा टाढाको संसारको सानो उपहार हो, हाम्रो आवाज, विज्ञान, छवि, संगीत, विचार र भावनाहरूको प्रतीक हो,' रेकर्डिङमा कार्टरले भनेका छन्, 'हामी हाम्रो समय बाँच्न प्रयास गर्दै छौं ताकि हामी तपाईंको जीवनमा बाँच्न सकौं । हामी आशा गर्दछौं कि कुनै दिन, हामीले सामना गर्ने समस्याहरू समाधान गरेर, 'ग्यालेक्टिक सभ्यता'हरूको समुदायमा सामेल हुने छौं ।' *रासस/एएफपी*

# इथियोपियामा सडक दुर्घटना, ७१ जानको मृत्यु

**नैरोबी, इथियोपिया-** दक्षिण इथियोपियामा आइतबार सडक दुर्घटना हुँदा कम्तीमा ७१ जनाको मृत्यु भएको स्थानीय प्रहरी अधिकारीले बताएका छन् ।

सिदामा प्रहरी आयोग, ट्राफिक रोकथाम तथा नियन्त्रण निर्देशनालयले आइतबार राति आफ्नो फेसबुकमा लेखेको छ, 'दुर्घटनामा परी ६८ पुरुष र तीन महिलाको मृत्यु भएको छ ।' स्थानीय समयअनुसार आइतबार साँझ ५:३० बजेतिर गाडी सडकबाट नदीमा खसेको प्रहरीले जनाएको छ ।

'घटनामा अन्य दुईजना गम्भीर घाइते भएका छन्,' पोस्टमा भनिएको छ, 'प्रहरीले दिएको जानकारीमा घटनाको समयमा बसमा कति यात्रु सवार थिए भन्नेबारे जानकारी दिइएको छैन ।' राजधानी अदिस अबाबाबाट करिब ३०० किलोमिटर दक्षिणमा रहेको सिदामा राज्यको बोना जुरिया वोर्डामा दुर्घटना भएको हो ।

स्वास्थ्य ब्युरोले यसअघि सार्वजनिक गरेको धमिलो तस्बिरमा पानीमा आंशिकरूपमा डुबेको एउटा गाडीलाई घेरेको र धेरैले त्यसलाई पानीबाट बाहिर निकाल्न प्रयास गरिरहेको देखिएको थियो । ब्युरोले सार्वजनिक गरेका अन्य तस्बिरमा मृतकहरूलाई भुइँमा निलो त्रिपालले छोपिएका देखिन्छ ।

अफ्रिकाको दोस्रो ठूलो जनसंख्या भएको इथियोपियामा सडकको दूरावस्था, पुराना सवारीसाधन र चालकले गर्ने ट्राफिक नियम उल्लंघनका कारण हरेक वर्ष सयौं नागरिकले अकालमा ज्यान गुमाउने गर्छन् । *रासस/एएफपी*


**बहराइनमा रोजगार** कम्पनी : WESTON CLEANING

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | पूर्व स्वीकृति मिति : २०८१/०९/१५ | LT. No. 311221 | चलानी नं. ६०२३०५५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 25 | 0 | 100 | ३६,२६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD. Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705, E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

**युएइमा रोजगार** कम्पनी : JPR HOME HEALTH CARE

पूर्व स्वीकृति मिति : २०८१/०९/१५ | LT. No. 316055 | चलानी नं. ६०२३०४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Nursess Females | 0 | 9 | 4000 | १,४९,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Registered Nurse | 0 | 15 | 6000 | २,२३,८६७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career Development Human Resource Pvt. Ltd.
श्रम इजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

**साउदीमा रोजगार** कम्पनी : Amal Saleh Mufdi Al Sharari Sweets and Nuts Foundation

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१५ | LT. No. 306171 | चलानी नं. ६०२२०८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६५,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**युएइमा रोजगार** कम्पनी : Al Mabia Construction LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०८ | LT. No. 315868 | चलानी नं. ६०२३०४७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 200 | 0 | 1200 | ४४,७७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २३ गते (7th Jan. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd) Lic No. 1159/074/074
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४१५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १,५०,२०० | प्रति तोला – ० | प्रति तोला – १७९० |



**बेलुनमा उडान** | बेलुन नेपाल प्रालिको आयोजनामा पोखराको पामेमा आयोजित अन्तर्राष्ट्रिय बेलुन महोत्सवमा सोमबार उडिरहेको बेलुन। महोत्सव पुस ९ गतेदेखि सुरु भएको हो। *तस्बिर: चन्द्रकला क्षेत्री/रासस*

# पाइपलाइन निर्माण भएसँगै व्यवसायीद्वारा व्यवस्थापनको माग

■ प्रभाव संवाददाता



**वीरगञ्ज (पर्सा)**– मोतिहारी अमलेखगञ्ज पाइपलाइन परियोजना दोस्रो चरणको निर्माण सम्पन्न भएसँगै बरौनी-अमलेखगञ्जमा पेट्रोल तथा मट्टितेल ढुवानी गर्दै आइरहेका एक सय चारवटा टंचाकर विस्थापित हुने भएका छन् । आयल निगमले पेट्रोल र मट्टितेल पनि पाइपलाइनबाटै ल्याउने भएसँगै एक सय चार टैंक-ट्यांकरको व्यवस्थापनको विषय पेचिलो बन्दै गइरहेको छ ।

सम्भवत पाइपलाइनबाट नियमित रूपमा पेट्रोल र मट्टितेल ल्याउने कामको सुरुवात पनि यही पुस महिनाभित्रै हुने जनाइएको छ । बरौनीदेखि अमलेखगञ्जसम्म पेट्रोल तथा मट्टितेल ढुवानी गर्दै आइरहेका तीन सङ्गठनले तत्कालै आफूहरूको उचित व्यवस्थापन गर्नुपर्ने माग राख्दै आइरहेका छन् । बरौनीबाट अमलेखगञ्ज पेट्रोलियम पदार्थ ढुवानी गर्दै आइरहेका अमलेखगञ्जका पेट्रोलियम ढुवानी व्यवसायी तथा मजदूर सङ्गठनले यही पुस २४ गतेसम्म आफूहरूलाई उचित व्यवस्थापन हुनुपर्ने माग गरेका छन् ।

अमलेखगञ्जका पेट्रोलियम ढुवानी व्यवसायी सङ्घका अध्यक्ष सुदामाप्रसाद साह कानुले तीनवटै सङ्गठनले बरौनी-अमलेखगञ्ज रुटमा चल्ने एक सय चार ट्यांकर तथा ट्रकको उचित व्यवस्थापन गर्ने, निजी ढुवानी ट्रैक-ट्रकको व्यवस्थापन गर्ने र एक थान टैंक/ट्रक धनी व्यवसायीलाई करार सम्झौता कायम गर्नुपर्ने लगायतका माग राखेको जानकारी दिए ।

'हामीले आइतबारदेखि आन्दोलन गर्ने कार्यक्रम सार्वजनिक गरेका थियौँ । हाम्रो मागको सम्बन्धमा आयल निगमबाट पत्र आएकाले पनि १० दिनको लागि स्थगन गर्ने निर्णय गरेका छौँ,' उनले भने । अमलेखगञ्ज पेट्रोलियम ढुवानी व्यवसायी सङ्घ, नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठन ईकाइ अमलेखगञ्ज र नेपाल पेट्रोलियम ट्याङ्कर चालक संघईकाइ अमलेखगञ्ज लगायतले आयल नियमले आफ्नो जायज माग पूरा नगरेको भन्दै चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका छन् ।

नेपाल आयल निगम प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलङ्कर आचार्यले ढुवानी व्यवसायीले राखेका माग प्रादेशिक कार्यालयले सम्बोधन गर्न नसक्ने खालका रहेको जानकारी दिए । 'विभिन्न तीन सङ्गठनले राख्नुभएको माग प्रादेशिक कार्यालय सम्बोधन गर्न सक्ने खालका छैनन्,' उनले भने, 'हामीले उहाँहरूले राखेको मागको विषयमा केन्द्रीय कार्यालयलाई जानकारी गराइसकेका छौँ । त्यसैले पनि उहाँहरूले केही समयका लागि आन्दोलन स्थगित गरेर सहजीकरण गरिदिनुभएको छ ।'

प्रादेशिक कार्यालयका प्रमुख आचार्यले बरौनी-अमलेखगञ्ज रुटमा सञ्चालित एक सय चार वटा टैंक-ट्यांकर प्रयोगविहीन हुनसक्ने विषयमा आवश्यक सहजीकरण गर्न केन्द्रीय कार्यालयमा पत्राचार गरिसकेको बताए ।

# रुग्ण उद्योग सञ्चालन गर्न आग्रह

■ प्रभाव संवाददाता

**गैंडाकोट**– नवलपुरको गैँडाकोटमा भेला भएका उद्योग व्यवसायीले देशभरका रुग्ण उद्योग पुनःसञ्चालनमा ल्याउन सरकारसँग आग्रह गरेका छन् । नेपाल उद्योग तथा व्यवसाय महासंघको राष्ट्रिय विस्तारित बैठकले उत्पादन बन्द भई रुग्ण अवस्थाका उद्योग सञ्चालन गर्न सरकारसँग आग्रह गरेको हो ।

भेलाले तयार पारेको नौ बुँदे 'नवलपुर चितवन घोषणापत्र' आइतबार सार्वजनिक गर्दै राष्ट्रिय भेला संयोजक डा तिलचन्द्र भट्टराईले गैँडाकोटको भृकुटी कागज कारखानालगायत देशभर बन्द अवस्थाका सबै उद्योगलाई सरकार र निजी क्षेत्रको साझेदारी अवधारणामा पुनः सञ्चालनमा ल्याउन सरकारसँग अनुरोध गरे ।

उद्योग व्यवसायीले राष्ट्रिय पुँजी निर्माण गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै कानुनसम्मत रूपलले व्यवसाय सञ्चालन गर्न चाहे पनि ऐन, कानुन र नियमावलीका कारण समस्या भएकाले राज्यले सहज किसिमले समस्या समाधान गरिदिन भट्टराईले आग्रह गरे । राष्ट्रिय पुँजी निर्माण गरी 'समृद्ध नेपाल सुखी नेपाली'को परिकल्पना सार्थक बनाउन नेपालका आर्थिक समृद्धिका प्रमुख स्रोतहरू कृषि, पर्यटन, जलस्रोत, आइटी र खनिज क्षेत्रको विकास र न्यायोचित वितरण गर्नुपर्ने बताए ।

नेपालको धार्मिक पर्यटनको सम्भावना बोकेको देवघाटधाम, नारायणी नदी, त्रिवेणीधामसँगै अयोध्यापुरी र राम जन्मभूमिलगायत क्षेत्रलाई समेटी राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्नुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ । महत्वपूर्ण धार्मिक पर्यटकीय र ऐतिहासिक क्षेत्रमा कुनै पनि फोहरजन्य पदार्थ विसर्जन नगर्ने गरी यसको शुद्धता कायम गर्दै पर्यटकीय आर्थिक क्षेत्रको रूपमा विकास गर्न माग गरिएिको छ ।

त्यस्तै, कोरोला नाकासहित गण्डकी करिडोरलाई व्यवस्थित गर्न तीन तहकै सरकारसँग आग्रह गरिएको छ । नेपालको उत्तर दक्षिणमा रहेका दुई छिमेकीमूलुक भारत र चीन जोड्ने सबैभन्दा छोटो दूरीमा पर्ने केरुङ रसुवागढीहुँदै माडी ठोरीसम्मको द्रुतमार्ग निर्माण गरी यो क्षेत्रलाई आन्तरिक र बाह्य व्यापारको प्रमुख व्यापारिक केन्द्र (ट्रेडिङ हब) बनाउन घोषणापत्रमार्फत अपिल गरिएको छ ।

## कर्पोरेट

### ग्लोबल आइएमईको वार्षिकोत्सवमा वित्तीय साक्षरता कार्यक्रम




**काठमाडौं (प्रस)**– ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देशका विभिन्न विद्यालयमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम संचालन गर्ने भएको छ । बैंक पौष १८ गते विहिबारदेखी आफ्नो स्थापनाको १८ औं वर्ष पुरा गरी १९ औं वर्षमा प्रवेश गर्दैछ । १८औं वार्षिकत्सवको अवसरमा बैंकले प्रत्येक प्रदेशको विभिन्न शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरूलाई वित्तीय साक्षरता सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्दैछ । उक्त सचेतना कार्यक्रममा बैंकले आधारभुत बैंकिङ्ग सेवा, डिजिटल/नविनतम बैंकिङ्ग सेवाहरू, बैंकिङ्ग विवरण सुरक्षित राख्ने उपायहरू लगायत विभिन्न बैंकिङ्ग शिक्षाको बारेमा जानकारी प्रदान गर्नेछ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता किसिमका विभिन्न सामाजिक कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएको छ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई मध्यनजर गरी यस्ता समाजपयोगी कार्यहरूमार्फत आम जनमानसलाई प्रत्यक्षरूपमा लावान्भित गर्दै आएको छ । ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ । बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

### शून्य प्रतिशत ब्याजमै सिएफमोटोको २५० एनके किन्न पाइने

**काठमाडौं (प्रस)**– सिएफमोटो नेपालले नयाँ वर्षको अवसर पारेर आफ्नो विशेष वित्तिय योजना 'न्यू इयर, न्यू राइड' सार्वजनिक गरेको छ । यस योजनाले ग्राहकहरूलाई शुन्य प्रतिशत व्याज दरमै २४ महिने सरल किस्तावन्दीमा आफ्नो २५० एनके कम्प्युटर सेग्मेन्टमा न्याकेड सिरिजको वाइक किन्न उत्कृष्ट अवसर प्रदान गरेको छ । सिमित अवधिका लागी लागू गरिएको यस योजना २०८१ पौष १६ गते देखि २०८१ माघ १८ गते सम्म लागु हुनेछ । न्यूनतम ५० प्रतिशत डाउन पेमेन्ट गरेर सरल किस्तावन्दी योजनाका सिएफमोटोको २५० एनके खरिद गर्न सकिने कम्पनीको भनाई छ । साथै, यस योजनाले सरल कागजी प्रकृया रुचि अनुसारको किस्तावन्दी योजना रोज्ने सुविधा समेत



प्रदान गर्दछ । कम्पनीको भनाई अनुसार यस सेग्मेन्टका आफ्ना ग्राहक युवा अवस्थाका रहेका र यस योजना अन्तर्गत ० प्रतिशत ब्याजदर बाट लाभ लिन सक्ने भएकोले यसले आफ्नो ब्राण्डलाई अझ पहुँचयोग्य वनाउने कुरामा विश्वास लिएको जनाएको छ । बिक्रीको साथ साथै कम्पनीले बिक्री पछिको सेवालाई अझ चुस्त र दुरुस्त बनाउन, स्पेयर पार्टसको सहज उपलब्धि तथा सर्भिस क्वालिटीलाई समेत उच्च प्राथमिकता दिएको जानकारी दिएको छ । कम्पनीले हालसालै उपत्यका लगायत वाहिरी जिल्लाका ग्यारेजवालाहरूलाई समेत २ दिने आफ्ना २५० सिसि तथा ४५० सिसिका वाईकहरूको तालिम सिएफमोटो चाईनाका प्रशिक्षकमार्फत् मार्फत सञ्चालन गरेको थियो ।

यसका साथै २५० एनके नगदमा रु. २५०००/- छुट, एक्सचेन्जमा रु. ३०,०००/- थप मूल्यांकनको साथै फ्रि गिफ्ट, हेल्मेट, १ वर्षको लागी सिएफमोटोको पार्टस खरीदमा १० प्रतिशत छुट समेत दिएको छ ।

## उपभोक्ता सचेत बनौं

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वाभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु बिक्री गर्ने जस्ता कार्य गैर कानुनी हो,
- त्यस्ता गैरकानुनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ